

निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
epratekdaily.com

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

epratekdaily.com



kirloskar Oil Engines




अधिकृत बिक्रेताः
महाकाली इन्टरनेशनल प्रा.लि.
मुर्ली, वीरगंज-१३, पर्सा
मोः ९८५५०२२५८०



❖ वर्ष ३५ ❖ २०७९ साउन ०५ गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 July 21 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ३२३


## सडकको चौडाइ घटाएकोमा छानबीन शुरू

प्रस, वीरगंज, ४ साउन/

वीरगंज-पथलैया व्यापारिक मार्ग प्रमुख इन्जिनीयर मनीषकुमार साहले बताए । छ । मङ्गलवार भएको नापजोखमा सो क्षेत्रमा सडकको चौडाइ तीन मिटर



सडकको चौडाइ घटाएर निर्माण गरिएको नाला र छानबीन टोलीले नापजोख गर्दै । तस्वीरः प्रतीक

अन्तर्गत परवानीपुर बजार क्षेत्रमा सडकको चौडाइ घटाएको विषयमा छानबीन शुरू भएको छ ।

व्यापारिक मार्ग आयोजना कार्यालय पथलैयाले छानबीन शुरू गरेको छ । कार्यालयले मङ्गलवार बिहान गुनासो परेको परवानीपुर बजार क्षेत्रका दुई/तीन ठाउँमा प्राविधिक खटाएर पुनः चौडाइ नापजोख गरेको आयोजना कार्यालयका

सडकछेउका बासिन्दाको आर्थिक प्रलोभनमा परी दुई/तीन ठाउँमा सडकको चौडाइ दुई/तीन मिटरसम्म घटाएको उजूरी परेको थियो । आयोजना कार्यालयका इन्जिनीयर सुरेन्द्र साहले आर्थिक प्रलोभनमा परी धर्मेन्द्र ठाकुरको घरअगाडिको सडकको चौडाइ पचास मिटरबाट घटाएर ४७ मिटरभित्र संरचना निर्माण गराएको पुष्टि भएको घटेको पाइएपछि सडकको वास्तविक ५० मिटर चौडाइ गरी निर्माण भइसकेको नाला भत्काएर पुनः अर्को नाला निर्माण हुने कार्यालयले जनाएको छ ।

सडकको पश्चिमतर्फको फूटपाथ घटाएर चौडाइ कम गरिएको र सडकछेउका जग्गाधनीको जग्गा बचाउन चौडाइ घटाएको हुन सक्ने छानबीनको प्रारम्भिक अनुसन्धानमा देखिएको छ ।

## गण्डक नहरमा सम्झौता अनुसार पानी आएन

प्रस, वीरगंज, ४ साउन/

पर्सा, बारा, रौतहटसम्म सिंचाइ गर्ने व्यवस्थापन गर्ने नारायणी सिंचाइ व्यवस्थापन कार्यालय, वीरगंजका सूचना साढे तीन सय क्युसेक मात्र पानी आइरहेकोले पर्सा, बाराका किसानहरूलाई



साउन महीनामा खेतमा धूलो उड्दै र गण्डक नहरमा पानीको अवस्था । तस्वीरः प्रतीक

गण्डक नहरमा रोपाइँको मुख्य बेलामा पनि सम्झौता अनुसारको पानी नआएको किसानहरूले गुनासो गरेका छन् ।

उनीहरूले खडेरी परेको अवस्थामा सो नहरबाट दमकल लगाएर खेत सिंचाइ गरी बीउ रोप्न पर्खेर बसेको तर नहरमा पानीको सतह निकै न्यून रहेकोले सिंचाइ गर्न नसकेको किसानहरूको भनाइ छ ।

यस विषयमा गण्डक नहर अधिकारी सुबोध कुशवाहाले धानबाली र गहुँबालीको लागि वर्षमा दुईपटक भारत सरकारसँग भएको सम्झौता अनुसार साढे आठ सय क्युसेक पानी ल्याउने सम्झौता भए तापनि भारत सरकारले अहिले जम्मा चार सय क्युसेक पानी मात्र दिइरहेकोले समस्या भइरहेको बताए ।

उनले केही दिनयता गर्मी बढेपछि आलोपालो गरेर पानी दिने गरेको बताए । तर उक्त पानी हजारौं किसानको माग अनुसार पर्याप्त छैन ।

उनले नेपाली पक्षले भारतीय पक्षलाई पटक–पटक पत्र लेखेर, फोन गरेर ताकेता गर्दा पनि भारतीय पक्षले भारतमा रहेको नहरको डिल कमजोर भएकोले सम्झौता अनुसारको पानी छाड्न आनाकानी गरिरहेको बताए ।

## लाइसेन्सको लागि निश्शुल्क निरोगिताको प्रमाणपत्र

प्रस, परवानीपुर, ४ साउन/

मधेस प्रदेश भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गत रहेको यातायात व्यवस्था कार्यालय लाइसेन्स शाखा, वीरगंजमा अब निश्शुल्करूपमा निरोगिताको प्रमाणपत्र सिफारिश गरिने निरोगिताको प्रमाणपत्रको लागि प्रतिव्यक्तिले रु ५० शुल्क तिर्दै आएका थिए । त्यसमा पनि व्यक्तिको उपस्थितिविना नै निरोगिताको प्रमाणपत्र जारी गर्ने गरेको भनेर चिकित्सकहरूमाथि बेलाबखत आरोप

**गर्नुको कारण**

निश्शुल्क निरोगिताको प्रमाणपत्र सिफारिश गर्ने चिकित्सकले दुई/तीन वटा शीर्षकमा पैसा कमाउने दाउमा निश्शुल्क टेन्डर भरेको बुझिएको छ । मानिसविनाको मेडिकल सिफारिश गर्ने,



लाइन्सेन्सको प्रक्रिया पूरा गर्नका लागि कार्यालयमा सेवाग्राही । तस्वीरः प्रतीक

भएको छ ।

कार्यालयले जारी गरेको टेन्डरमा निश्शुल्करूपमा निरोगिताको प्रमाणपत्र दिने टेन्डर परेकोले निश्शुल्करूपमा निरोगिताको प्रमाणपत्र सिफारिश हुने भएको हो ।

कार्यालयले असार २ गते १५ दिने सूचना जारी गर्दै टेन्डर आह्वान गरेकोमा २६ जना चिकित्सकले टेन्डर भरेका थिए, जसमा निश्शुल्क निरोगिताको प्रमाणपत्र दिने भनेर डा साहिल पटेलले टेन्डर भरेको र उनकै टेन्डर स्वीकृत भएको कार्यालय प्रमुख सुशील साहले बताए ।

यसअघि सो कार्यालयमा लाग्ने गरेको थियो । टेन्डर परेका चिकित्सकले अन्य चिकित्सकलाई राखेर निरोगिताको प्रमाणपत्र दिने गरेको पनि पत्रपत्रिकाहरूमा समाचार प्रकाशन भएका थिए । यी सबै कुरा सार्वजनिक भएपछि यातायातले टेन्डरबाट निरोगिताको प्रमाणपत्रको लागि माग गरेको हो । जसमा डा साहिल पटेलले निश्शुल्क सेवा दिने गरी टेन्डर भरेका थिए ।

यही टेन्डरमा एकजना चिकित्सकले प्रतिव्यक्ति एक पैसा शुल्क लिने गरी भरेका थिए भने अर्कोले प्रतिव्यक्ति रु २ लिने भरेको कार्यालयले जनाएको छ ।

**निश्शुल्क निरोगिताको प्रमाणपत्र जारी** कलर भिजन चेकजाँच गर्दा पैसा लिएर पास गर्ने जस्ता रहेका छन् । दैनिकरूपमा लाइसेन्सको लागि चार सयदेखि पाँच सयजना सेवाग्राही आउने गरेकामा आँखाको ज्योति कमजोर भएका सेवाग्राहीमध्ये २०–३० प्रतिशत कलर भिजनमा असफल हुन्छन् । त्यस्ता व्यक्तिलाई पास गराएबापत चिकित्सकले मोटो रकम पाउँछन् ।

त्यसैगरी, सेवाग्राहीको मानसिक सन्तुलन ठीक छ/छैन सोको चेकजाँचमा पनि कमाइ हुने गरेको छ । नयाँ आवेदकहरूको रक्त समूह छुट्याउँदा पनि रकम कमाउने चिकित्सकको दाउ हुन सक्छ ।

## आइसिपीको मूलगेटमा बाउन्सरगिरी भारतीय ट्रकचालकहरूसँग रङ्दारी उठाउँछन्

प्रस, वीरगंज, ४ साउन/

वीरगंजको अलौंस्थित वीरगंज उनीहरूसँग प्रतिगाडी रु पाँच सयदेखि एक हजारसम्म रङ्गदारी असुल्ने गरेको धन्दा चलाइरहेका छन् । तर कतिपय भारतीय चालकहरूका अनुसार पैसा

तस्वीरः फाइल



भन्सार मातहतको एकीकृत जाँच चौकी (आइसिपी)को मूलगेटमा स्थानीय युवाहरूले रङ्गदारी असुल्ने गरेका छन् । भारतीय ट्रकचालकहरूसँग दैनिक दर्जनौं युवाले अवैधरूपमा रङ्गदारी असुल्ने गरेको त्यहाँका पसलेहरूले बताएका छन् ।

मालसामान बोकेर नेपाल भित्रिएका भारतीय चालकहरूसँग वीरगंज–पथलैया औद्योगिक कोरिडोरका उद्योग तथा गोदामसम्म गाडी पुर्‍याइदिने निहुँमा बताइएको छ । बिहान १० देखि राति ९ बजेसम्म रङ्गदारी असुल्ने गरिएको प्रत्यक्षदर्शीहरू बताउँछन् ।

केही चालकले पैसा दिन मानेनन् र भने मुताबिकको सहमति गरेनन् भने भारतीय चालकहरूलाई कुटपिट गर्ने र धाकधम्की दिएर गाडीको सीसा फुटाउने गर्छन् ।

चालकहरूसँग पैसा लिएर उद्योगसम्म गाडी पुर्‍याइदिने र प्रहरी तथा ट्राफिकलाई मिलाउने प्रलोभन दिएर उनीहरूले यस्तो लिएर पनि उनीहरू ड्राइपोर्ट लक्ष्मी आयल कटेर पिसाब फेर्ने बहानामा गाडी रोकाएर भाग्ने गरेका छन् ।

आइसिपीको सुरक्षा प्रबन्धको लागि सशस्त्र प्रहरी १३ नं हेडक्वार्टर पर्साको जिम्मामा छ । तर सशस्त्र प्रहरी यस्तो घटना हुँदा पनि मौन छ । चालकहरूले दैनिक लुटिनुपर्दासमेत प्रहरी प्रशासनले आफूहरूलाई सहयोग नगरेकोमा ती युवाहरूसँग प्रहरीको सेटिङ हुन सक्ने आरोप लगाएका छन् ।

## बुधवार छजनामा कोरोना सङ्क्रमण पुष्टि

प्रस, वीरगंज, ४ साउन/

वीरगंजमा कोरोना सङ्क्रमित पुष्टि भएको छ । बुधवार ३४ जनाको पिसिआर परीक्षण गर्दा छजनामा सङ्क्रमण पुष्टि भएको नारायणी अस्पतालका सूचना अधिकृत डा उदयनारायण सिंहले बताए ।

उनले पुष्टि भएका छजना महिला भएको र उनीहरूमध्ये एकजना बाराको र पाँचजना पर्सा जिल्लाको भएको बताएका छन् । १८ देखि २४ वर्ष उमेर समूहका छजना महिला सङ्क्रमित भएको उनले बताउँदै सङ्क्रमितहरू सामान्य रुघाखोकी र ज्वरोको उपचार गराउन आएको जानकारी गराए ।

सूचना अधिकृत डा सिंहले साउन ३ गतेदेखि कोरोनाविरुद्धको पिसिआर प्रयोगशाला सञ्चालनमा आएको बताए । पछिल्लो समयमा कोरोनाको कहर कम भएपछि २०७८ चैतदेखि पिसिआर परीक्षण बन्द भएको थियो । विदेश जानेहरूले मात्र पिसिआर परीक्षण गराउँदै आएकामा अहिले पुनः पिसिआर परीक्षण सर्वसाधारणको लागि पनि खुला गरिएको हो ।



## विचारसार एवं सूक्तिहरू

यदि तिमी आफूलाई सम्पूर्णरूपले आफ्नो कर्मप्रति समर्पित गर्दछौ भने त्यसले तिम्रो शक्ति वृद्धि हुनेछ ।


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| प्रबन्ध सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# आस निराशको दोसाँध

धेरै अर्थमा अहिले सबैको लागि अप्ठ्यारो परिस्थिति सिर्जना भएको छ। अप्ठ्यारो स्थितिको सामना गर्न पहिले नै क्षमता विकसित गरेका मुलुक वा व्यक्तिका लागि त्यति सकसपूर्ण नभए पनि सन्तोषजनक मनस्थिति कसैको पनि छैन। खासगरी नेपालजस्तो देशमा, जहाँ सबै वस्तु बाहिरबाट खरीद गर्नुपर्छ, उसको राष्ट्रिय क्रय क्षमता घट्दै गएको छ। यो क्षमतामा ऱ्हास आउनुमा हिजो कोरोनालाई दोष दिइएको थियो भने अहिले रूस–युक्रेन युद्धलाई । त्यसमाथि जलवायु परिवर्तनको टडकारो असर नेपालको अन्न भण्डार मानिने तराईमा परेको छ। किनकि असार १५ मा राम्रो पानी परेर धान रोपाइँ भएपछि अहिलेसम्म एकदुई झरबाहेक पानी परेको छैन। धानखेतमा धाँजा फाटेका छन्। कहीं रोपाइँ नै हुन सकेको छैन भने कहीं रोपेको धान डढ्ने अवस्था उपस्थित भएको छ। युद्धको असरले कल–कारखाना बन्द छन्, किनकि विश्वलाई एक तिहाईभन्दा बढी अन्नबाली आपूर्ति गर्ने युक्रेन युद्धमा व्यस्त छ । इन्धन र रसायन उपलब्ध गराउने रूस युद्ध लडिरहेको छ । उपरीमाथि थुपरी भनेजस्तै यसै बेला कोरोनाको लहर उठ्न थालेको छ। धेरै मुलुकमा कोरोना–सङ्क्रमण दर बढ्न थालेको छ र मानव ज्यानको पनि क्षति भइरहेको छ। थाहा नपाइँदोगरी नेपालमा पनि ज्यान गइसकेको छ ।

यी विपत्तिप्रति नेपाली जनता उदासीन छ । किनकि; पहिलो कुरा त उसमा ज्ञानको अभाव छ, दोस्रो उसको क्रयशक्ति अपारदर्शी किसिमले बढेको छ । तर उसलाई के थाहा छैन भने आफ्नो उत्पादनले खाद्यान्नसमेत धान्न नसक्ने मुलुकसँग विदेशी मुद्राको अभाव भयो भने क्रयशक्ति जतिसुकै बढे पनि हातमुख जोर्न नपाएर भोकमरीको सामना गर्नुपर्नेछ। संयुक्त राष्ट्रसङ्घको सम्बद्ध निकायले यसै पनि विश्वमा खाद्यान्न उत्पादन घट्दो क्रममा रहेको बताइसकेको छ । त्यसमाथि जलवायु परिवर्तनका कारण खडेरीले विश्वका आधाभन्दा बढी मुलुकलाई गाँज्न थालेको छ। अफ्रिकी केही मुलुकहरू त कैयौं वर्षदेखि खडेरीको सामना गरिरहेका छन्। विकसित भनिएका धेरै युरोपेली मुलुकहरू पनि तातो हावा र खडेरीको सामना गरिरहेका छन्। प्रकृतिको खानी, विश्वको दोस्रो जलशक्ति सम्पन्न नेपालमा त भूमिगत पानी सुक्दै तलतल जान थालेको छ । धेरै चापाकलहरू सुकिसकेका छन्। पानीको आधार वन–जङ्गल र पानी–खेतीको आधार चुरे लोभीपापीहरूको गिद्धे दृष्टिबाट जर्जर भइसकेको छ ।

यी कहालीलाग्दा तथ्याङ्क प्रस्तुत गर्नुको उद्देश्य नेपाली जनतालाई तर्साउनु होइन, सचेत गराउनु हो कि अब मनमौजी भएर होइन, वर्तमानलाई चिनेर सम्भावित प्रतिकूल परिस्थितिसँग जुझ्न तयार हुनका लागि हो । सन्तानले अभिभावकको आड पाएको हुन्छ, जस्तोसुकै अवस्थामा निर्भय रहन्छ । तर हाम्रो अभिभावक सर्वथा गैरजिम्मेवार छ । बाँदरले बाढीमा पानी नाकमाथि पुगेपछि आफ्नै बच्चालाई तल राखेर उसको बुई चढी आफ्नो प्राणरक्षा गर्छ। नेपाली सत्ताधारीहरू यसै प्रवृत्तिका छन्। देशमा आइपरेको सङ्कटको किञ्चित वास्ता नगरी कुर्सी पाउन आज पनि विदेशी दरबारको फन्को मारिरहेका छन्। यिनले लगाउने फुर्ति नेपालीले रगत पसिना गरी कमाएको विप्रेषणले गर्दा हो । विदेशी मुद्रा सञ्चिति निरन्तर घटिरहेको छ। जुन त्यो रित्तिन्छ यिनीहरू सिङ्गापुरतिर भाग्छन्। तसर्थ नेपाली जनता स्वयं सचेत भएर कोरोनाबाट ज्यान जोगाउँदै प्रतिकूल प्राकृतिक अवस्थाको सामना गर्न तयार बस्नुपर्छ ।

# जब देखिंदैछ नयाँ जोश

स्वतन्त्र विचार



सञ्जय साह मित्र
mitrasanjay41@gmail.com

साँचीचकै काम गर्नको लागि के चाहिन्छ ? वा के के भए मानिसले सही अर्थमा आफूले सोचेजस्तो काम गर्न सजिलो हुन्छ ? यदि सर्वसाधारणलाई सोध्ने हो भने सोझो जवाफ पाउन सकिन्छ : पद, पैसा, शक्ति र प्रतिष्ठा। अहिले त यी सबै कुरा कसैमा छ भने बहुमतको स्थानीय सरकारमा छ । वास्तवमा प्रदेश वा केन्द्र सरकारमा यी कुरा अझ बढी छ तर सीमित स्रोत र साधनबीच यदि विचार गर्ने हो भने स्थानीय सरकारलाई सबै दृष्टिकोणले समर्थ मान्न सकिन्छ। केही महीना मात्र पहिले गठन भएको स्थानीय सरकारमा धेरै किसिमले जोश देख्न र भेट्न सकिन्छ अर्थात् स्थानीय सरकारमा यदि नगर प्रमुखको बहुत छ भने निकै शक्तिशाली सरकार भएको छ। मतलब पद भयो। स्थानीय सरकारसित पैसा पनि छ किनभने स्थानीय सरकारले वार्षिक बजेट नै विनियोजन गर्दछ। वार्षिकरूपमा नीति तथा कार्यक्रम प्रस्तुत गर्दछ। यसले कानून बनाउने अधिकार पनि पाएको छ। यी सबले यो स्पष्ट पार्दछ कि यो सरकारमा सामर्थ्य छ । अर्थात् सरकार प्रमुखमा शक्ति हुन्छ भन्ने स्पष्ट हुन आउँछ। र यदि यथार्थलाई विचार गर्ने हो भने के स्पष्ट हुन्छ कि पालिका प्रमुखको प्रतिष्ठा निकै उच्च छ। कानूनले निर्धारण गरेको मर्यादाको कुरो त आफ्नो ठाउँमा छ नै, मर्यादाक्रममा पनि स्थानीय सरकार प्रमुखलाई निकै सम्मान छ र समाजमा पनि पालिका प्रमुख अर्थात् स्थानीय सरकार प्रमुखलाई निकै उच्च सम्मान रहेको देखिन्छ। जनताले चुनेको अन्य सबै पदभन्दा जनताकै नजरमा पालिका सरकारको प्रतिष्ठा ठूलो छ । यसरी पद, पैसा, शक्ति र प्रतिष्ठा भएमा यदि मानिसले काम गर्ने हो भने अहिलेको स्थानीय सरकारको हकमा यी सबै कुरा रहेका छन्। यसर्थ काम गर्न सजिलो छ वा काम गर्ने वातावरण छ।

यति कुरा यदि कुनै काम गर्न चाहने मानिसमा आएको छ भने उसले काम गर्न सक्छ । अझ अरूले काम गर्न नसकेको भनेर बताउने र अरूको ठाउँमा म भएको भए यो–यो काम यसरी गर्थें भन्ने कुरा बारम्बार दोहोऱ्याउनेहरू यदि सपनाको संसारमा पुग्दछन् भने के हुन्छ ? अहिलेको स्थानीय सरकारमा यस्ता धेरै मानिस पुगेका छन् जो सपना देख्दथे कि म पालिका प्रमुख भए यसरी वा यो काम गर्छु । मलाई यसरी काम गर्न सजिलो हुनेछ। यसरी काम गर्दा अझ बढी सफल हुन सकिन्छ। जनताको मन जित्न सकिन्छ । आफूलाई चिनाउन सकिन्छ। बाटोघाटो, शिक्षा, स्वास्थ्य तथा संस्कृति र पर्यटनको क्षेत्रमा यसरी काम गर्न सकिन्छ भन्ने कुरा बताइरहेका थिए। र, अहिले समय यस्तो आइसकेको छ कि मानिसले कार्यान्वयन खोज्दैछ। मानिसले कार्यान्वयन गर्न नसकिने कुरालाई दर्शन मात्र मान्दछन्। दर्शनलाई यदि व्यवहारमा उतारिएन भने काम लाग्ने हुँदैन। यसरी काम नलाग्ने कुरा गर्नेलाई गाउँघरमा आजभोलि 'नेता' भन्न थालिएको छ । नेता भन्नु चाहिं कामै नगर्ने त होइन होला । कामको नेतृत्व गर्ने पनि नेता नै हो र अहिलेको समयमा धेरै हदसम्म कामको नेतृत्व पनि हुन थालेको छ । अनुकरण नै सही, धेरै राम्रा काम हुन थालेका छन् । कुनै पालिकाले राम्रो गर्ने आँट देखाउँदा त्यसको अनुकरण अरूले पनि गर्न थालेका छन्। हो, अहिले धेरैले मौका पाएका छन् र गरेर देखाउन थालेका छन्। गरेर देखाउने वातावरण बनेपछि भाषणभन्दा काम गर्दा चर्चा कमाइरहेका छन्।

काम गर्न खोज्नेलाई अहिलेको समय उपयुक्त छ। के भनिन्छ भने बिहानले दिन कस्तो हुन्छ भन्ने आभास दिन्छ। यस अर्थमा अहिलेको समय भनेको धेरै कार्यपालिकाको लागि बिहानको समय हो । हुनत यो पनि देखिएको छ कि पहिले धेरै राम्रो गर्ने र बिस्तारै पहिलेको जस्तै भएर देखापर्ने । यद्यपि सबैतिर यस्तै भएको पाइँदैन। कतिपयले शुरूदेखि राम्रो काम गरेर एकै किसिमले निरन्तर राम्रो काम गरिरहन सक्छन्। निरन्तर राम्रो काम गर्नेको पनि विरोध हुन्छ । निरन्तर राम्रो काम गर्न सक्ने वा गर्दै नगर्नेको पनि विरोध हुँदैन। विरोध कसको गर्ने वा किन गर्ने भन्ने विषय कामको कारण त हुन्छ नै, कामभन्दा पनि व्यक्ति, जाति वा समुदाय हेरेर पनि हुन्छ । आजभोलि पार्टी हेरेर पनि विरोध गर्ने गरिन्छ । यसरी विरोधको अनेक रूप वा अनेक कारण वा अनेक तरीका वा अनेक नियत हुन सक्छ। विरोध गर्नेले विरोधको लागि मात्र पनि गर्न सक्छ तर विरोधको डरले काम गर्नेले काम गर्न छोड्नुहुँदैन। कतिपयले विरोधको डरले काम नै नगरेको पनि नदेखिएको होइन तर यस्तो पनि देखिएको छ कि विरोध गर्न नसक्ने अवस्थामा काम गर्ने पदमा पुगेकाले यति धेरै नराम्रा काम गरेका छन् कि कामबारे वास्तविकता बाहिर आउँदा 'के गर्नेलाई भन्दा देख्नेलाई लाज' भनेजस्तो भएको छ । वास्तवमा राम्रो काम गर्नुपर्दछ र राम्रो काम गर्ने क्रममा यदि कहीं कतैबाट विरोध हुन्छ भने विरोध हुने डर छाडेर काम गर्नु उचित हुन्छ। विरोध गर्नेले पनि नीति, धर्म, नैतिकताको आधार लिनु उचित हुन्छ। जे पनि सहने वा जस्तोसुकै कामको लागि पनि विरोध गर्ने दुवै बानी हानिकारक हुन्।

अहिले काम गर्ने समय शुरू भइसकेको छ। गत आर्थिक वर्षको एक वा डेढ महीनामा जे जति भयो त्यो केवल ट्रेलर थियो। ट्रेलर यस अर्थमा कि पहिलेको संयन्त्रले छोडेर गएको बजेटमा नै केही गर्नु थियो । पहिलेको नीति तथा कार्यक्रमको आधारमा नै काम गर्नुपर्ने थियो । साथै पहिलेको कर्मचारी संरचनाको जुन अवस्था थियो, सोही बमोजिम रहेर काम गर्नुपर्ने थियो। यसले गर्दा केही अप्ठ्याराहरू पनि थिए। तर अहिले त अवस्था फेरिएको छ। अवस्था फेरिएको छ भन्नुको अर्थ यो हो कि अहिले आफ्नो नीति तथा कार्यक्रम र बजेट छ । आफ्नो संरचना छ र कतिपयले राम्रो ट्रेलर देखाइसकेका छन्। राम्रो काम गर्न सकिन्छ भनेर धेरैले देखाउँदा अब केही आस पलाएको छ। पहिलेको भन्दा अहिलेको नेतृत्वप्रति धेरै ठाउँमा सर्वसाधारणको आस पलाउनु भनेको स्थानीय तहमा लोकतन्त्र बलियो हुनु हो। स्थानीय तहमा लोकतन्त्र बलियो हुँदै गएको प्रमाण यो पनि हो कि अब सर्वसाधारणले पनि सोझै पालिका सरकारले केही गरोस् भन्ने सकारात्मक भाव राखेको देखिन्छ। र सकारात्मक भावलाई साँच्चीकै धेरैजनाले निस्स्वार्थ सहयोग गरेका पनि छन्। अबको समयमा जहाँ नयाँ जोश देखिएको छ, जहाँ नयाँ किसिमले कामको थालनी गरिएको छ, तिनीहरूप्रति सबैतिरबाट सकारात्मक भावको सञ्चार भएको छ । यस जोशलाई, जाँगरलाई र काम गर्ने तत्परतालाई सबैले मिलेर कायम राख्नु पर्दछ किनभने जनप्रतिनिधि भनेका सबैका साझा हुन् । सबै मिलेर सकारात्मक ऊर्जा प्रदान गरिरह्यौं भने निस्सन्देह पहिलेको कार्यपालिकाको भन्दा अहिलेको कार्यपालिकाले धेरै राम्रो गर्न सक्ने अवस्था छ। यसको एउटा कारण के पनि हो भने पहिलेको कार्यपालिकाले काम गर्ने धेरै आधार सिर्जना गरिसकेको छ। अब राम्रो पिच बनिसकेको सडकमा नयाँ जोशका साथ नयाँ गाडी इमानदारीपूर्वक सही दिशामा कुदाउनु छ।

**पहिलेको भन्दा अहिलेको नेतृत्वप्रति आस पलाउनु भनेको स्थानीय तहमा लोकतन्त्र बलियो हुनु हो। स्थानीय तहमा लोकतन्त्र बलियो हुँदै गएको प्रमाण यो पनि हो कि अब सर्वसाधारणले पनि सोझै पालिका सरकारले केही गरोस् भन्ने सकारात्मक भाव राखेको देखिन्छ।**

# सिद्धनाथ महादेव मन्दिर अस्तित्वको सङ्कटमा

महोत्तरी, ४ साउन/रासस

शिवभक्तिको महिमा गाइने साउनको महीना छ। भक्तजन पुकारा गर्दैछन्, 'हे भोलेबाबा... हे शिवशङ्कर... हाम्रो उद्धार गर ।' तर महोत्तरीको भङ्गाहा नगरपालिका–५ सिद्धपुरस्थित सिद्धनाथ महादेव मन्दिर आफैं अस्तित्वको सङ्कटमा छ । बडहरी र रातु नदीको सङ्गम (दोभान)स्थित यो प्राचीन शिवालय बर्सेनिको कटानबाट अस्तित्वको सङ्कटमा परेको हो ।

साउन लागेपछि भोलेबाबालाई गाईको दूध, पवित्र जल र बेलपत्र चढाउन पुगेकी छिमेकी बस्ती पलारकी सियानकीदेवी बाँतरले भनिन्, " खै अहिले हजुरसँग दुःखको के पुकारा गरौं ? तपाईं आफैं अस्तित्वको सङ्कट झेल्दै हुनुहुन्छ, आउने वर्ष यहाँ आउँदा हजुरलाई सुरक्षित देख्न पाऊँ ।"

मन्दिरमा दर्शन र जलफूल चढाउन पुग्ने भक्त अहिले आफ्नो दुःख बिर्सेर भगवान् शिवकै सुरक्षाको चिन्ता गरिरहेका त्यहाँ भेटिन्छन् ।

मन्दिरमा जलफूल चढाएर बडहरी नदीको बाढीले ढालेको मन्दिरको डिलमैं उभिएर छिमेकी बस्ती मदनपट्टिकी श्रद्धालु सुशीला यादवले पनि सियानकीको जस्तै चिन्ता व्यक्त गरिन्। सियानकी र सुशीला मात्र नभएर मन्दिरमा भगवान् शिवलाई पवित्र जल, बेलपत्र चढाउन पुगेका सयौं श्रद्धालु मन्दिरको डिल बाढीले झारेको देखेपछि विह्वल बन्दछन् ।

रातु र बडहरी नदीको सङ्गमस्थित यो ३०० वर्ष पहिले पत्ता लागेको मन्दिर पछिल्ला केही वर्षयता बर्सेनि दुवै नदीको



तस्वीरः फाइल

बाढीले कटान गर्दै लगेपछि अब मन्दिर नै ढल्ने चिन्ताले यहाँका सर्वसाधारण चिन्तित बनेका हुन् ।

नदी किनारका २५–३० बिघाभन्दा बढीको चउर माझमा रहेको यो मन्दिर अहिले बर्सेनिको नदी कटानले असुरक्षित बनेको छ । मन्दिर परिसरमैं नदीको पानी बग्न थालेपछि अब जुनसुकै बेला मन्दिर ढल्ने वा बग्ने स्थिति बनेको सिद्धपुर बस्तीका सर्वसाधारण बताउँछन्। रातु र बडहरी नदीमा आउने बर्खे भेलले मन्दिरको उत्तर र पश्चिम डिल ढलिसकेको छ । पूर्व र दक्षिणतर्फको मन्दिर परिसरको चउर अतिक्रमण गरिएपछि अब मन्दिर सानो कोप्चोमा ठिङ उभिएको देखिन्छ। नदी नियन्त्रणका लागि तटबन्ध नबन्दा र अतिक्रमण हटाउन कतैबाट पहल नहुँदा मन्दिरको बिजोग भएको नजीकैको अर्को बस्ती पलारका ७५ वर्षीय चौठी बाँतरले गुनासो गरे ।

करीब ३०० वर्षअघि एकजना दुधारीबाबा नाउँका साधुले सपनामा पाएको सन्देश अनुसार खोजी गर्दै जाँदा घना जङ्गलबीच शिवलिङ्ग फेला पारेर त्यसको प्रतिष्ठा गरेर सिद्धनाथ महादेव नामकरण गरेका यहाँका बूढापाका बताउँछन्। "दुधारीबाबाले पत्ता लगाएर प्रतिष्ठा गरेपछि यो मन्दिरमा सर्वसाधारणले पूजा आराधना शुरू गरेका हाम्रा बाजेले बताउनुभएको हो," आफू सानो छँदा बाजेले मन्दिरबारे बताएका कुरा सम्झँदै पूर्वप्रशासक भङ्गाहा–२ सिङ्ग्याहीको बखरीटोलका ६० वर्षीय जिवछसिंह थारूले भने, "यो प्राचीन धार्मिक धरोहरको अहिलेको बिजोग हेर्दा मन अड्याउने ठाउँ देखिन्न ।"

विगतमा वृहत्तर जनकपुर क्षेत्र विकास परिषद्, तत्कालीन जिल्ला विकास समिति र भङ्गाहा गाविस (नगरपालिका बन्नुपूर्व)ले बेलाबेलामा योजना बनाएको बताए पनि ठाउँ/ठाउँमा बालुवा थुपार्नबाहेक केही नगरेको सिद्धपुरका बासिन्दाको गुनासो छ। हुँदाहुँदा अब त सबैतिरको बेवास्ताले मन्दिर रहने कि नरहने स्थितिमा पुगेको सिद्धपुरका सामाजिक कार्यकर्ता शङ्कर साहले चिन्ता व्यक्त गरे ।

महाशिवरात्रि र साउन महीनाभरि यहाँ लाग्ने धार्मिक मेलाको ठेक्का लगाएर नगरपालिकाले आम्दानी राख्ने गरे पनि टाढाटाढाबाट आउने श्रद्धालु दर्शनार्थीका लागि खानेपानी, बासस्थान (धर्मशाला) र प्राथमिक उपचारसम्मको पनि कुनै व्यवस्था नगरिएको सिद्धपुरका बासिन्दाको रोष छ । "अब त मन्दिर मात्र होइन, बडहरी नदीले सीतापुर धतियाटोल र सिद्धपुर बस्ती नै लाने डर छ, घरकै छेउमा नदी बग्न थाल्यो," भङ्गाहा–५ सीतापुरका सामाजिक, राजनीतिक कार्यकर्ता शोभित खत्वेले भने।

यसैबीच, भङ्गाहा नगरपालिकाका प्रमुख सञ्जीवकुमार साहले भने मन्दिर

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४८

# नेपाल–चीन संयुक्त सीमा अनुगमन गरिने

काठमाडौं, ४ साउन/रासस

नेपाल–चीनबीच संयुक्त सीमा अनुगमन हुने भएको छ। दुई देशको सीमा मामिला सम्बन्धका अधिकारीबीच सीमा अनुगमन गर्ने विषयमा सहमति भएको छ।

सीमा मामिलासम्बन्धी भएको भर्चुअल बैठकले यही जुलाई १४ मा परराष्ट्र मन्त्रालयका उत्तर–पूर्वी एशिया महाशाखा प्रमुख र चीनको परराष्ट्र मन्त्रालयको सीमा तथा सामुद्रिक मामिला विभागका प्रमुखको नेतृत्वमा सीमा अनुगमन गर्ने सहमति भएको हो। लामो समयदेखि नेपाल–चीनबीच संयुक्त सीमा निरीक्षण नभएकाले आपसी परामर्शद्वारा उक्त कार्य अघि बढाउने सहमति भएको परराष्ट्र मन्त्रालयका प्रवक्ता सेवा लम्सालले जानकारी दिए।

अनुगमन गर्ने र देखिएका विषयलाई संयुक्तरूपमा प्रतिवेदन तयार हुने उनले जानकारी दिए। "अनुगमनका लागि एउटा मोडालिटी तयार गर्न बाँकी नै रहेको र त्यसपछि मात्रै कहाँ जाने, कसरी जाने, कहाँबाट अनुगमन गर्ने भनेर एकीकृत फ्रेमवर्क तयार भएर जानेछ," लम्सालले भने।

नेपाल र चीनबीच सन् १९६३ मा अन्तिमरूप दिइएको सम्झौतामा हरेक १०/१० वर्षमा सीमा अनुगमन गरी अद्यावधिक गर्ने उल्लेख छ तर नियमित अनुगमन हुन सकेको छैन। परराष्ट्र मन्त्रालयमा बुधवार भएको नियमित पत्रकार भेटघाटका क्रममा प्रवक्ता लम्सालले कोभिड–१९ सङ्क्रमणका महामारीसम्बन्धी आवश्यक स्वास्थ्य


तस्वीर: फाइल

मापदण्ड अपनाइ नेपाल–चीन सीमा केरुङ–रसुवागढी नाकालाई व्यापारका लागि दुईतर्फी खुला गर्ने र हिल्सा नाका एकतर्फीरूपमा खुला गर्ने विषयमा पनि सहमति भएको जानकारी दिए।

यस्तै, नेपाल र चीनको तिब्बतस्थित स्थापित व्यापार सहजीकरण समितिको १०औं बैठक जुलाई १८ मा सम्पन्न भएको र उक्त बैठकमा सीमानाकामा भौतिक पूर्वाधार निर्माण, दुई पक्षीय व्यापारमा सहजीकरण, वैदेशिक लगानी, व्यापार पूर्वाधारको विकास, पारवहन सुविधाका साथै भन्सार प्रक्रियामा सरलीकरण र चिनियाँ सहयोगमा निर्माणाधीन रसुवाको टिमुरे सुक्खा बन्दरगाह यथासक्य छिटो सम्पन्न गर्ने विषममा पनि छलफल भएको उनले जानकारी दिए।

उनले श्रीलङ्कामा पछिल्लो समयमा घटिरहेको घटनाक्रमप्रति दुःख व्यक्त गर्दै अन्य मित्रराष्ट्रका रूपमा रहेको मुलुक अप्ठेरो स्थितिमा रहेका बेला त्यसप्रति नेपाल संवेदनशील रहेको र त्यसबाट सिकेर सतर्कता अपनाउनुपर्ने आवश्यकतामा जोड दिए।

**राजदूतका लागि चार मुलुकबाट सहमति प्राप्त हुन बाँकी**

परराष्ट्र मन्त्रालयले विभिन्न २० जना नेपाली राजदूतका लागि तत् मुलुकबाट सहमति प्राप्ति गर्न अनुरोध गरिएकोमा १६ मुलुकबाट सहमति प्राप्ति भएको जानकारी दिएको छ। नेपाल सरकारको गत चैत २४ को निर्णय अनुसार अहिलेसम्म चार मुलुकबाट भने सहमति प्राप्ति हुन बाँकी रहेको परराष्ट्रका प्रवक्ता सेवा लम्सालले बताए।

उनका अनुसार १३ मुलुकका लागि नेपाली राजदूतको घोषणा भइसकेको र तीन मुलुकका लागि नियुक्तिको प्रक्रियामा रहेको छ। उनले चार मुलुकका राजदूत कार्यभार सम्हाल्न गइसकेको र चार मुलुकबाट सहमति प्राप्त हुन बाँकी रहेको जानकारी दिए। प्रवक्ता लम्सालले परराष्ट्र सचिव भरतराज पौडेल नेतृत्वको प्रतिनिधिमण्डल मङ्गलवार मोरक्को प्रस्थान गरेको पनि जानकारी दिए।

**एसपिपी**

अमेरिकाको स्टेट पार्टनरशिप प्रोग्राम (एसपिपी)लाई अघि नबढाउने मन्त्रिपरिषद्ले गरेको निर्णय कार्यान्वयनका लागि सरोकार राख्ने सरकारी निकायबीच छलफलको आवश्यकता रहेको परराष्ट्र मन्त्रालयका प्रवक्ता लम्सालले जानकारी दिए।

उक्त कार्यक्रममा सहभागी नहुने भनी अमेरिकामा जवाफ पठाउनुअघि यसअघि आइरहेका र भइरहेका सहयोगलाई कसरी समेट्ने भन्ने कुरालाई हेर्नुपर्ने महत्त्वपूर्ण विषय रहेको उल्लेख गर्दै उनले त्यस विषयमा सरकारका ती निकायबीच छलफल गर्नुपर्ने आवश्यकता देखिएको जानकारी दिए। अमेरिकाबाट यसअघि पनि विपद्लगायतका विभिन्न क्षेत्रमा सहकार्य भइरहेको सन्दर्भ जोड्दै लम्सालले भने, "राम्रोसँग छलफल गरेर टुङ्गोमा पुग्नुपर्ने देखिएको छ।"

# सिम्रौनगढ आँखा अस्पतालको निरीक्षण

प्रस, सिम्रौनगढ, ४ साउन/

बाराको सिम्रौनगढ नगरपालिका–६


तस्वीर: प्रतीक

मा निर्माणाधीन सिम्रौनगढ आँखा अस्पतालको निरीक्षण गरिएको छ।

रु ९९ लाख ७३ हजार लागतमा निर्माणाधीन छ कोठे आँखा अस्पतालको निरीक्षण जिल्ला समन्वय समिति, बाराका सभापति नरेन्द्रकुमार साह नेतृत्वको टोलीले गरेको थियो।

टोलीमा सिम्रौनगढका प्रमुख किशोरीप्रसाद कलवार, जिससका अधिकारी सुनील चौरसिया, लेखा अधिकृत सौरभकुमार साह, प्राविधिक अजय साह, विनोद साह, सिम्रौनगढ नपाका योजना अधिकृत जीतेन्द्र यादव, सुरेश यादवलगायतको सहभागिता थियो।

# नेपाली रड पहिलोपटक भारत निर्यात

काठमाडौं, ४ साउन/रासस

वर्तमान सरकारले चालू आर्थिक वर्षको बजेटमा प्रस्तुत गरेको प्रावधानका


तस्वीर: फाइल

कारण नेपाली उद्योगीले सिमेन्ट र रड निर्यात गर्न थालेका छन्। बजेटमा निर्यातमा छुट दिने व्यवस्था गरिएकोले उद्योगी व्यवसायीले निर्यात शुरू गरेका हुन्। यसबाट व्यापार घाटा घटाउन सहयोग पुग्ने विश्वास लिइएको छ।

बजेटमा निर्यातमा छुटको घोषणा भएसँगै श्री स्टीलले आजदेखि रड निर्यात गर्न लागेको हो। रूपन्देहीको सेमरहवामा सञ्चालित उक्त उद्योगले पहिलो चरणमा आज दुई ट्रक रड भारत निर्यात गर्न लागेको जनाएको छ।

उद्योगका सञ्चालक राजेश अग्रवालले आजदेखि औपचारिकरूपमा रड भारत निर्यात गर्न लागिएको जानकारी दिए। उनले सरकारले निर्यातमा सहजीकरण गरेसँगै रड निर्यात शुरू गर्न लागिएको बताए।

तत्कालीन अर्थमन्त्री जनादन शर्माले उच्च निर्यात सम्भावना भएको क्लिङ्कर, सिमेन्ट, स्टील, फूटवेयर र प्रशोधित पानी तथा सूचना प्रविधिमा आधारित क्षेत्र पहिचान गरी निर्यात प्रवर्द्धन गर्ने व्यवस्था बजेटमा गरेका छन्।

त्यस्ता वस्तुमा आठ प्रतिशतसम्म नगद अनुदान उपलब्ध गराइने बजेट सार्वजनिक भएको थियो। बजेटमार्फत नै सरकारले निर्यातमा सहजीकरण गरेपछि सिमेन्ट, रड उद्योगीले निर्यात गर्न थालेका हुन्। पहिलो चरणमा परीक्षणस्वरूप ५० टन रड निर्यात गर्न

(बाँकी पाँचौं पातामा)

# ज्येष्ठ नागरिकको हितका लागि बन्यो कानून

काठमाडौं, ४ साउन/रासस

प्रतिनिधिसभाको बुधवारको बैठकले 'ज्येष्ठ नागरिक (पहिलो संशोधन) विधेयक, २०७५'लाई सर्वसम्मतिले पारित गरेको छ।

राष्ट्रियसभामा उत्पति भएको सो विधेयक लामो समयपछि आज प्रतिनिधिसभाले पारित गरेको हो। महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री उमा रेग्मीले सो विधेयक प्रस्तुत गरेका थिए।

त्यसअघि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री रेग्मीले ज्येष्ठ नागरिकको अवस्था जटिल हुँदै गएकाले उनीहरूलाई राज्यका तर्फबाट संस्थागतरूपमा सहयोग उपलब्ध गराउने प्रयास गरिएको बताएकी छन्।

नेपाली समाजमा प्रचलित 'मातृ देवोः भव, पितृ देवोः भवको अवस्था'मा क्रमशः खण्डित हुँदै गएको उल्लेख गर्दै उनले घरमैं बस्ने वातावरण बनाउनका लागि सरकारले प्रयास गरेको बताए।

स्थानीय तहको सरकारलाई जिम्मेवार बनाउनका लागि ज्येष्ठ नागरिक (पहिलो संशोधन) विधेयक, २०७५ लाई द्रुतगतिमा पारित गरेर कार्यान्वयन गर्न खोजिएको मन्त्री रेग्मीको भनाइ छ।

प्रतिनिधिसभाको आजको बैठकमा


प्रतिनिधिसभाको बुधवार बसेको बैठकमा सहभागी। तस्वीरः रासस

सांसदहरूका जिज्ञासाको जवाफ दिंदै उनले ज्येष्ठ नागरिकको ज्ञान र सीपलाई मुलुकको विकास र समृद्धिका लागि प्रयोग गर्नुपर्ने धारणा राखिन्।

ज्येष्ठ नागरिकका बारेमा अन्य देशमा राज्यले नै जिम्मेवारी लिएको तथ्य पेश गर्दै उनले सकारात्मक सोच राख्ने छोराछोरी पनि साथमा नहुन सक्ने अवस्था रहेकाले पनि समस्या बढेर गएको उल्लेख गरे।

ढल्कँदो उमेरमा ज्येष्ठ नागरिकलाई चाहिने स्याहारसुसार प्राप्त हुन नसकेको तथा सँगै रहेका सन्तानले पनि अपहेलना गरेको पाइएकाले सरकारले 'केयर गिभर'को तालीम दिएर जनशक्तिको प्रबन्ध गर्ने व्यवस्था चालू आवको बजेटमा गरेको मन्त्री रेग्मीको भनाइ छ।


पर्सा जिल्लाको छिपहरमाई गाउँपालिका–५ भिस्वामा बुधवार महिलाहरूले वर्षाको लागि इन्द्र र ब्रह्मदेवबाबाको पूजा गरे। महिलाहरूले गापाका विभिन्न वडाहरू परिक्रमा गरी पूजाको लागि सहयोग सङ्कलन पनि गरेका थिए। महिलाहरूले ब्रह्मबाबा र इन्द्र भगवान्को पूजा गर्दा वर्षा हुने सामाजिक मान्यता रहिआएको छ। तस्वीरः सुग्रीव साह

# नयाँ प्रविधिको प्रयोगबाट कारबाईसँगै राजस्व सङ्कलनमा वृद्धि

महोत्तरी, ४ साउन/रासस

ट्राफिक प्रहरीले जाँचमा नयाँ प्रविधि प्रयोगमा ल्याएपछि कारबाई र राजस्व सङ्कलनमा उल्लेख्य वृद्धि भएको छ।

मधेस प्रदेशमा विगतमा जाँचमा प्रयोग गरिएको 'हैन्डहेड राडर गन'भन्दा पछि प्रयोगमा ल्याइएको 'सिसीटिभी बिथ राडर गन' प्रविधिले कारबाईमा सहजता र राजस्व सङ्कलनमा उल्लेख्य वृद्धि भएको नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय पथलैया बाराले जनाएको हो।

यो कार्यालयले मधेस प्रदेशको ट्राफिक व्यवस्थापन र राजमार्ग सुरक्षाको जिम्मेवारी सम्हाल्दै आएको छ। "हामीले २०७८ फागुनदेखि 'सिसीटिभी विथ राडर गन' प्रयोगमा ल्यायौं, यसले विगत आर्थिक वर्ष २०७७–७८ को तुलनामा कारबाई सङ्ख्यामा २२२ र राजस्व सङ्कलनमा २२३ प्रतिशत वृद्धि ल्यायो"–कार्यालयका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक लक्ष्मी भण्डारीले भने– "विगतको 'हैन्डहेल्ड राडर गन' भन्दा पछिल्लो प्रविधि प्रयोगमा सहज, वैज्ञानिक र उपलब्धिमूलक रहेछ।"

प्रदेशका आठ जिल्लामध्ये हालसम्म महोत्तरीको गौरीडाँडा, सिरहाको लहान, सप्तरीको भारदह र बाराका निजगढ एवं पथलैयामा 'सिसीटिभी विथ राडर गन' जडान रहेको प्रनाउ भण्डारीले जानकारी दिए।

गत आर्थिक वर्ष २०७८–७९ का पछिल्ला चार महीना (२०७८ चैतदेखि २०७९ असारसम्म) को लेखाजोखा गर्दा




त कारबाईमा ८०४ र राजस्व सङ्कलनमा ३०१ प्रतिशतले वृद्धि भएको कार्यालयले जनाएको छ।

आर्थिक वर्ष २०७७–७८ मा 'हैन्डहेल्ड राडर गन' प्रविधि प्रयोगमा रहेका बेला दुई लाख ५९ हजार १८८ सवारीसाधन जाँच कारबाई सङ्ख्या र रु १९ करोड १६ लाख ३७ हजार राजस्व सङ्कलन भएको थियो। पछिल्लो आर्थिक वर्षमा भने कारबाई सङ्ख्या दुई लाख ६४ हजार ३१० र राजस्व सङ्कलन रु २२ करोड ४४ लाख ४० हजार ५०० भएको कार्यालय अभिलेखको तथ्याङ्क छ। पछिल्लो वृद्धिमा 'सिसीटिभी विथ राडर गन' प्रविधिको प्रयोग निकै सहयोगी भएको प्रनाउ भण्डारीको भनाइ छ।

'सीसीटिभी विथ राडर गन'ले परैबाट आइरहेका तीव्र गतिका सवारी साधनबारे तत्काल सङ्केत दिने हुँदा त्यस्ता सवारीसाधन रोकेर आवश्यक सुझाव दिन र कारबाईको दायरामा ल्याउन सहज भएको ट्राफिक प्रहरी बताउँछन्। गत आव २०७८–७९ मा कार्यालयले प्रदेशभरिका आठवटै जिल्लामा दुई हजार ८४९ सचेतना कार्यक्रम सञ्चालन गरेको र सो कार्यक्रमबाट तीन लाख ३९ हजार ९२८ जना सवारी चालक लाभान्वित भएका कार्यालयले जनाएको छ।

सडकमा सबैभन्दा बढी

(बाँकी पाँचौं पातामा)

# म भानु भैकन आज यस्तो

लक्ष्मी साहित्य समाज, पर्साले बर्सेनि भानु जयन्ती मनाउँथ्यो। भानु जयन्तीको दिन यो समाजले बिहान प्रभातफेरी, दिउँसो साहित्यिक कार्यक्रम गरेर भानुप्रति प्रेम दर्शाउँथ्यो। विगत दुई वर्ष कोरोना प्रकोपले गर्दा समाजले यो कार्यक्रम स्थगित गऱ्यो भने यसपटक २०९औं भानुजयन्तीसमेत विभिन्न बाधा अडचन (सरकारी)ले गर्दा वीरगंजमा सम्पन्न गर्न लक्ष्मी साहित्य समाज असफल भयो। कुनै सरकारी सहयोगविना विभिन्न जिल्लामा साहित्यप्रेमीहरूले आदिकवि भानुजयन्ती मनाउँदै आएका छन् । सरकारले भानुलाई आदिकविको पदवीले विभूषित गरे पनि भानु र भानुका साहित्यबारे आमनेपालीलाई जानकारी गराउन कुनै मतलब राखेको देखिंदैन।

मधेस आन्दोलनका बखत जनकपुरधाम (हाल मधेस प्रदेशको राजधानी)को भानुचोकमा रहेको भानुको सालिक र वीरगंज बसपार्क भानुचोकमा रहेको भानुको सालिक एकैपटक ढालिएका थिए । तर वीरगंज र जनकपुरधाममा भाँचिएका भानुको सालिक अहिलेसम्म कसैले ठड्याउने जमर्को गरेको छैन। साहित्यको नाममा चलखेल गर्ने थुप्रै संस्था यही वीरगंजमा सक्रिय देखिन्छन् तर भानुको सालिक बनाउनेबारे सबै मौन देखिन्छन्। साहित्य विकास र साहित्यिक कार्यक्रमका लागि भन्दै वीरगंजमा सरकारी, गैरसरकारी संस्थाहरूबाट चन्दा र सहयोग लिने र दिनेहरूसमेत भानुभक्तबारे लाटो–बहिरो बन्ने गरेका छन् । यदाकदा साहित्य अनुरागी स्व अरुण विक्रम शाहले भानुचोक वीरगंजमा भानुको सालिक पुनर्निर्माण गर्नुपर्छ भनिरहन्थे। अब न अरुण छन् न भानु । भर्खरै भानु जन्मस्थानमा एउटा दरिलो र दिगो गुरुयोजना बनाएर अघि बढ्ने जमर्को भानु साहित्य उद्यान तनहुँले गरेको छ।

> **मन्तव्य**
>
> 
>
> कुमार रुपाखेती
>
> **नेपाली भाषा उत्थानमा भानुको महत्त्वपूर्ण भूमिका छ, त्यसैले मन, वचन र कर्मले साहित्य अनुरागी भानुका कृतिहरूबारे प्रचारप्रसार जरुरी छ। सम्झनाका लागि भएपनि वीरगंज बसपार्कको भानुचोकमा भानुको सालिक पुनर्स्थापनाका लागि होस्टेमा हैंसे गरौं न !**

भानुको जन्म हालको भानु नगरपालिका–४ चुँदी रम्घा गाउँमा विसं १८७१ मा भएको थियो, उनको देहावसान विसं १९२५ मा भएको हो । नेपाली भाषामा उल्था गरिएको रचयिता भानुभक्त आचार्यको रामायण नेपालका सबै क्षेत्रमा लोकप्रिय छ । त्यसो त बेलाबेला भानुबारे अझै गहन अध्ययन, अनुसन्धान गर्न चुँदी रम्घामा उत्कृष्ट प्राज्ञिक केन्द्र बनाउने हल्ला पनि चल्छ तर टाँयटाँय फिस्स हुन्छ । त्यसो त विभिन्न गैरसरकारी संस्था र स्वदेश र विदेशमा बस्ने नेपालीहरूसमेत भानु जन्मस्थलको विकास, भानुबारे अझै गहिरो अनुसन्धान गर्न आर्थिक सहयोग गर्नसमेत तत्पर देखिन्छन्। तर न नेपाल सरकार, न तनहुँमा भानुको नाममा पसल थापेर व्यापार गर्नेहरू कोही यसबारे सक्रिय देखिन्छन् । यसरी सहयोग गर्न चाहनेहरू पनि धन पनि रह्यो, मन पनि रह्यो भन्न थालेका छन् । भानुभक्तको तत्कालीन बस्तीको अवस्था पर्सा जिल्लाको शिकारीवासभन्दा पनि गइलगुजरल र अनकन्टार छ । भानुकालीन बस्तीको पुनर्स्थापना नै सबैभन्दा महत्त्वपूर्ण र प्राथमिकताको काम हो । भानु जन्मेको यो डाँडामा खानेपानी, यातायात, विद्यालय, स्वास्थ्य चौकी आदि अत्यन्तै जरुरी देखिन्छ, यी सुविधा नभएकाले नै त्यहाँ बस्ती न्यून हुँदै गएको छ । त्यसो त भानु जन्मस्थललाई साहित्यिक पर्यटनस्थल बनाउन पनि सकिन्छ।

यसपालि साहित्य समाजले भन्दा विश्व हिन्दू परिषद्ले देशका विभिन्न भागमा भानुजयन्ती मनाएको पाइयो । जनकपुरधाममा त विश्व हिन्दू परिषद्ले प्रभातफेरी, नगरपरिक्रमा गरी भानुचोक जनकपुरमा साहित्यिक भेला गरी भानुको सालिक पुनर्निर्माण गर्ने घोषणासमेत गऱ्यो।

भानुजयन्ती भारतको दार्जिलिङ, सिक्किम, खर्स्याङमा त विशेष चाडझैं नेपालीभाषीहरूले धूमधामले मनाएको समाचार छ । दार्जिलिङमा त एउटा चौबाटोमा भानुको आदमकद सालिक नै छ । विश्वमा विभिन्न मुलुकमा बस्ने नेपालीभाषीले समेत भानुजयन्ती मनाएका छन् । घाँस काटेर कुवा खनाउने एउटा गरीबबाट प्रेरणा पाएका भानुभक्तले आफूलाई घाँसीभन्दा तल ठान्दै– 'म भानु भैकन आज यस्तो' भन्ने सारगर्भित रचना नै लेखेका थिए। नेपाली भाषा उत्थानमा भानुको महत्त्वपूर्ण भूमिका छ, त्यसैले मन, वचन र कर्मले साहित्य अनुरागी भानुका कृतिहरूबारे प्रचारप्रसार जरुरी छ । सम्झनाका लागि भएपनि वीरगंज बसपार्कको भानुचोकमा भानुको सालिक पुनर्स्थापनाका लागि होस्टेमा हैंसे गरौं न !

# खडेरीको चिन्ताले किसानलाई पिरलो

महोत्तरी, ४ साउन/रासस

गत असार १५ देखि पानी नपरेपछि जिल्लाका किसान खडेरीको चिन्ताले पिरोलिएका छन् । धान रोपाइँ गर्न र रोपिएको रोपो हरियो हुँदै गाँजिन दिनदिनै पानी पर्नु बेला लगातार टन्टलापुर घाम लागेपछि उनीहरू चिन्तित भएका हुन् । मुख्यबाली मानिएको धान रोप्ने र हुर्कने बेला पानी नपरेपछि किसानको यो चिन्ता बढेको हो ।

"झमझम पानीमा रुझ्दै खेतमा धान रोप्नुपर्ने बेला तालु फुटलाजस्तो टन्टलापुर घामले सेक्दैछ"–जिल्लाको भङ्गाहा–५ सिद्धपुरका ६५ वर्षीय किसान सत्यनारायण मण्डल भन्छन्–"यो रौदी (अनिकाल) को लक्षण हो।" मध्य यताको आधा असार र साउनकै पनि दुई/तीन दिन बित्दासमेत पानी पर्ने लक्षण नदेख्दा अब धान फल्ने आस मर्दै गएको मण्डल विरक्तिदै बताउँछन् ।

सहकाल हुन साउनमा पश्चिम दिशाको हावा चल्नुपर्ने र त्यसले पानी पार्ने पाका किसान बताउँछन्। तर असार निगल्दो र साउन लागिकन पनि पूर्वा (पूर्व दिशाबाट बहने हावा) रोगी तातो हावा चल्न नछाडेपछि चाँडै पानी पर्ने छाँट नदेखिएको मण्डलकै छिमेकी परेखन सादाको भनाइ छ । अहिलेको प्रचण्ड घाम र कहिलेकाहीं बहने पूर्वा हावा त रोगव्याध बढाउने लक्षण पो हो, ७० वर्षीय सादा बताउँछ ।

मधेसमा खेतीपाती र मौसमका कुरामा बूढापाका 'डाकवचन' सम्झने गर्छन् । प्राचीन मिथिला क्षेत्रमा यी विषयमा भविष्यवाणि गर्ने 'डाक' भनेर चिनिने सन्तले लगभग २०० वर्ष (डाकको काल अनुमानमा भनिएको) पहिले भनेका उक्ति कतिपय बूढापाकालाई कण्ठस्तै छ।

'सावन मासे बहे पूर्वैया, बेचो बैल किनो गैया' (साउनमा पूर्व दिशाबाट हावा चले खेती गर्न पालेको गोरु बेचेर गाई किन) भन्ने 'डाकवचन' सम्झदै भङ्गाहा–४ रामनगरका ८५ वर्षीय रामनन्दन महतो भन्छन्–"ल, हेर्नोस् बाबू, अहिले यही लक्षण छ।" साउनमा पूर्वैया हावा चल्दा पानी पर्दैन, त्यसैले 'डाक'ले गोरु बेचेर दूध दिने गाई किन्न सल्लाह दिएका 'डाकवचन' को भाव स्पष्ट पार्दै महतो बताउँछन् ।

लगातार लामो समयदेखि पानी नपर्दा यस अघिको धानको रोपो खङ्ग्रङ्ग सुक्दै गएको र पानीबेगर थप रोपाइँ गर्न



नसकिएको यहाँको अवस्था छ। अब त ब्याडको धानको बेर्ना पनि पहेंलिंदै गएर सुक्न थालेको किसान बताउँछन् । जिल्लामा कुल खेतीयोग्य जग्गा ७० हजार हेक्टरमध्ये लगभग ५० हजार हेक्टर धानखेतीका लागि योग्य मानिन्छ। तर स्थायी सिंचाइको प्रबन्ध नहुँदा अधिकांश जग्गाको खेती आकाशे पानीकै भरमा गर्नुपर्ने हुँदा यहाँका किसान 'डाकवचन' सम्झँदै पिरोलिन्छन् । जिल्लामा अहिले १६ वटा सिंचाइ आयोजनाबाट छ हजार ९९५ हेक्टरमा बाह्रैमास सिंचाइ उपलब्ध रहेको कृषि ज्ञान केन्द्र महोत्तरी जलेश्वर कार्यालयले जनाएको छ।

यसैगरी हाल निर्माणाधीन नौ सिंचाइ आयोजनाले थप पाँच हजार २३० हेक्टर जग्गामा छिट्टै सिंचाइ सुविधा पुग्ने कार्यालय प्रमुख तथा वरिष्ठ कृषि विकास अधिकृत डा रामचन्द्र यादव बताउँछन्। यद्यपि यी निर्माणाधीन सिंचाइ आयोजना कहिले सम्पन्न हुने हुन् यकीन नभएको किसान बताउँछन् ।

"नहर कुलो भएका ठाउँमा पनि लामो खडेरीले पानीका मुहान सुक्दैछन्, अहिलेकै मौसम केही दिन रहे अब नहर/कुलोमा कमिलाको ताँती हिंडेका देखिने छ"–सिञ्चित क्षेत्र मानिने बर्दिवास–३ कालापानीका ७० वर्षीय किसान नरबहादुर पुलामी भन्छन्–"आकाशे भरका जग्गाको खेती त भोग्नेले भोग्दै आएकै छन् ।"

जिल्लामा साउन पहिलो साता चलिरहँदा अहिलेसम्म ४५ प्रतिशत रोपाइँ सकिएको कृषि ज्ञान केन्द्र महोत्तरीको तथ्याङ्क छ। यद्यपि पानी नपर्दा विभिन्न वैकल्पिक उपाय गरेर रोपिएको धान अहिलेको चर्को घामले सुक्दै गएको किसानले बताएका छन्। जिल्लामा पानी नपर्दा किसानले इनार र बोरिङमा पम्पसेट लगाएर वैकल्पिक सिंचाइ गर्ने गर्छन् ।

तर यो इन्धनको मूल्य आकाशिंदा महँगो पर्ने भएपछि सधैं खरीद गर्न गाह्रो पर्ने किसानको भनाइ छ। अनि इनार र बोरिङमा खडेरीसँगै पानीको सतह गहिरिंदै जाँदा पम्पसेट चलाउन पनि नसकिने किसान बताउँछन् । यसपालि असार लागे यता १५ असारसम्म बेलाबेलामा पानी पर्दै आए पनि त्यस अघि ब्याड राख्न ढिलो भएको हुँदा तयार बीउ (बेर्ना) पर्याप्त नहुँदा रोपाइँ जम्न सकेको थिएन। असार १५ सम्मको पानीले पाँच/सात दिन खेती चलेपनि त्यसपछि लगातारको खडेरीले खेत सुक्दै गएर रोपाइँ रोकिएको छ । अब त लामो खडेरीले धान रोपाइँ थप्नेभन्दा पनि रोपिएको धान कसरी बचाउने भन्ने चिन्ता बढेको भङ्गाहा–४ थारूटोल बनराका किसान रामधारी सिंह थारू बताउँछन् ।

किसान करीब २० दिनको खडेरीले पिरोलिए पनि कृषि विज्ञ भने अझै आत्तिइ हाल्ने बेला नभएको बताउँछन्। खेतीमा यदाकदा ढिलोचाँडो हुने हुँदा साउन पहिलो सातामैं अब खेती बढेन भन्ने चिन्ता नलिन किसानलाई विज्ञले ढाडस दिएका छन्।

साउनभरि रोपाइँ चल्ने हुँदा अब पर्ने पानीमा पनि खेती गर्न (रोपाइँ) सकिने कृषि विज्ञ वरिष्ठ कृषि विकास अधिकृत डा यादवको भनाइ छ। मधेसमा धानको मूल बीउ (बेर्ना) र खरूवन गरी दुई विधिबाट धान रोपाइँ हुँदै आएको छ । अब पानी पर्दा बीउको कमी भएमा खरूवनको रोप गर्न सकिने विकल्प रहेको कृषिविज्ञ बताउँछन्। बीउको शाही रोप सकिएपछि थप रोपाइँ गर्नुपर्दा पहिलो रोपो गाँजिएपछि त्यसलाई उखेलेर फेरि रोप्ने चलन छ । यसलाई खरूवन भनिन्छ। जिल्लामा अहिले बीउ सकिए पनि अब पर्ने पानीले यस अघि रोपेको धान गाँजिएपछि खरूवन लगाएर सबै खेतीयोग्य जग्गामा रोपाइँ गर्न पुग्ने बीउ हुने डा. यादव बताउँछन्।

जिल्लामा सरदर प्रतिहेक्टर ३.५ मेट्रिक टन धान उत्पादन हुने गरेको सरदर आँकडा विज्ञ सुनाउँछन्। यहाँका रैथाने जातिका धानमा बासमति, जसवा, सञ्जिरा र वानपाकीजस्ता मुख्य मानिन्छन्। त्यसैगरी विकसित जातका भनिने सावित्री, हर्दिनाथ–१ र २, स्वर्णा सव–१, साँवा सव–१, सुख्खा– १, २ र ३, एवं भारतीय जातका सोना मन्सुली र कतरनी बढी लगाइने गरिएको वरिष्ठ कृषि विकास अधिकृत डा यादवको भनाइ छ।

जिल्लाका आम सर्वसाधारण किसानले भने कृषिसम्बद्ध कार्यालयबाट सेवा पाउन छाडेको दशक नाघिसकेको गुनासो गरेका छन्। बेलामा बीउ किन्न नपाउने मात्र नभई सामान्य खेतीपातीका लागि कृषि प्राविधिकको सरसुझाव पनि पाउन छाडिएको किसान बताउँछन् । किसानलाई कृषि सेवा बढाउन जिल्लाका १५ वटै स्थानीय तहमा वैकल्पिक सिंचाइको प्रबन्धलाई महत्त्व दिएर व्यवस्थित गरेमात्र केही लाभ पाउन सकिने जलेश्वर नगरपालिका–५ चौरियाका ७५ वर्षीय किसान रहिमन मण्डलको भनाइ छ । जिल्लामा कुनै स्थानीय तहले कृषि शाखा व्यवस्थित गर्नतर्फ रुचि नदेखाउनुले यसप्रति उपेक्षा गरेको अडकल गर्न सकिने किसानको गुनासो छ।

## फरक समाचार

# सवा लाख नोटले सजिएको काँवर

साउन महीना शुरू भएपछि शिवभक्तहरू काँवर लिएर विभिन्न धाम जाने गर्छन् । भारतको हरिद्वारमा काँवरयात्रामा एकसे एक काँवरिया देख्न पाइन्छ। सोमवार राति हरकी पैडीमा दिल्लीबाट आएका युवा काँवरियाले काँवरलाई सवा लाख भारु नोटले सजाएका थिए। नोट लगाइएको काँवर हेर्नेहरूको भीड लागेको थियो। सवा लाख भारु नोटले सजिएको काँवर अहिले सामाजिक सञ्जालमा भाइरल भएको छ। काँवरमा भारु सय र २० को नोट लगाइएको थियो।



यसका साथै अन्य काँवरियाहरूले आफ्नो काँवरमा भारतका प्रधानमन्त्री नरेन्द्र मोदी र युपीका मुख्यमन्त्री योगी आदित्यनाथको मानिस बराबरको फोटो लगाएका थिए भने कसैकसैले शिवपार्वतीको विशालकाय मूर्ति पनि लगाएका थिए।

# मान्छेलाई देखेपछि शुतुरमुर्गको यौनइच्छा बढ्छ

शुतुरमुर्ग (अस्ट्रिच) निकै समझदार जनावरको श्रेणीमा राखिंदैन किनभने यसको दिमाग ओखर (अखरोट)को आकारको हुन्छ तर जब यौन सम्बन्धको कुरा आउँछ, तब त्यो बेवकूफ हुँदैन। कैयौंपटक शुतुरमुर्ग आफ्नो सामान्य यौन प्रक्रिया



छाडेर मान्छेसँग सम्बन्ध बनाउने प्रयास गर्छ, जसले यसको निर्धारित जैविक प्रक्रियाको अवधारणालाई तोड्छ।

सन् १९९० को दशकमा अस्ट्रिज पालन गर्ने किसानहरूले यस कुरामा ध्यान दिएका थिए कि मान्छेको वरपर जब यो पक्षी हुन्छ तब यसको यौन प्रक्रियासम्बन्धी व्यवहार बदलिन्छ। मान्छेको अगाडि उसले आफ्ना पखेटा हल्लाउँछ, उठ–बैठ गर्छ। आफ्नो घाँटी उच्च पारेर यौन नृत्य प्रदर्शित गर्छ। भन्नुको तात्पर्य जब किसान यी शुतुरमुर्गको वरपर रहन्छ तब यसले आफ्नो यौनसम्बन्धको प्रक्रियालाई बढाउँछ।

यसबारे वैज्ञानिकहरूले अध्ययन शुरू गरे । वैज्ञानिकले इङ्गल्यान्डको दुई शुतुरमुर्ग फार्ममा निगरानी राख्न शुरू गरे। एउटा फार्मलाई नजीकबाट र अर्को फार्मलाई टाढाबाट निगरानी गरेर अध्ययन गरेका थिए। अध्ययनको परिणाम ब्रिटिश पोल्ट्री साइन्स जर्नलमा प्रकाशित भएको छ।

अध्ययनमा लेखिएको छ–नजीकबाट गरिएको निगरानीले यो कुरा खुलासा भएको छ कि पोथी शुतुरमुर्ग यौन सम्बन्ध बनाउनको लागि बढी प्रार्थना गरेको देखियो। जबकि टाढाबाट गरिएको अध्ययनमा यो प्रक्रिया कम देखियो। अध्ययन दुई वर्षसम्म चल्यो। दुवै वर्ष पोथी शुतुरमुर्गको गतिविधि यस्तै रह्यो। मान्छेलाई नजीक देखेपछि पोथी शुतुरमुर्गले यौन सम्बन्ध बनाउनको लागि बढी आग्रह गरेको देखिन्थे। जब मान्छे हुन्थेन तब उसले यस्तो कार्य गर्दैनथ्यो।

यद्यपि केही पोथी शुतुरमुर्गले मान्छेलाई देखेर कुनै प्रतिक्रिया देखाएन। तर बढीजसोले आग्रह गरेका थिए। एउटा फार्ममा ६८ प्रतिशत शुतुरमुर्गले मान्छेलाई देख्नेबित्तिकै यौन इच्छा प्रबल भएको प्रदर्शन गरेका थिए। उनीहरू आफ्नो इच्छा पूरा गर्न मान्छेको अगाडि आउने प्रयास गर्छन्। विशेषगरी वयस्कहरू।

तर दक्षिण अफ्रिकामा मान्छेको उपस्थितिमा शुतुरमुर्गले सम्बन्ध बनाउने गर्छन्। यो एउटा प्रचलित परम्परा हो अफ्रिकाको, जहाँ मान्छेको उपस्थितिमा शुतुरमुर्गको प्रजनन गराइन्छ।

अध्ययनमा भाले शुतुरमुर्ग जब मान्छेलाई आफ्नो यौन इच्छा प्रदर्शन गर्छ तब पोथीले उसको यौन नृत्य स्विकार्दैन। त्यस्तै पोथी शुतुरमुर्ग मान्छेलाई हेर्नेबित्तिकै यौन सम्बन्धको लागि आग्रह गर्ने तरीकालाई देखेर भाले शुतुरमुर्ग मौकाको प्रतीक्षामा रहन्छ र सम्बन्ध बनाउँछ।

# गोरो बच्चा जन्मिनेबित्तिकै मारिन्छ

अन्डमान निकोबार द्वीपमा बस्ने जारवा जनजातिमा अनौठो नियम छ। यहाँ गोरो रङ्गको बच्चा जन्मेपछि त्यसलाई मार्ने गरिन्छ। किनभने उनीहरू आफ्नो बच्चा कालो वर्णको नै चाहन्छन्। यस स्थानमा महिलामाथि दबाब दिइन्छ कि कालो बच्चा नै जन्मिनुपर्छ।




यसको पछाडि एउटा ठूलो कारण बताइन्छ। यदि यहाँ गोरो वर्णको बच्चा जन्मिन्छ भने त्यसलाई आफ्नो समुदायको नभनेर अर्कै समुदायको मान्छन्। जारवा जनजातिका मान्छेले हजारौं वर्षदेखि यो परम्परा निर्वाह गर्दै आइरहेका छन्। यसैले यस समुदायमा गोरो बच्चा जन्मिनेबित्तिकै त्यसलाई तुरुन्तै मार्ने गर्छन्।

यस जनजातिमा कालो बच्चा जन्माउन विभिन्न जतन पनि गरिन्छ, जसमा जनावरको रगत पिउनु पनि पर्छ। गर्भवती महिलाले जनावरको रगत पिएका छन् भने कालो बच्चा जन्मिन्छ। यसैकारण यहाँ गर्भवती महिलालाई रगत खुवाइन्छ। यस जनजातिका सबै महिलाले बच्चालाई स्तनपान गराउन पाउँछन् किनभने यसबाट समुदायको शुद्धता र पवित्रता रहन्छ भन्ने उनीहरूको मान्यता छ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## श्रीलङ्काका नयाँ राष्ट्रपतिमा रनिल विक्रमासिङ्घे निर्वाचित



कार्यवाहक राष्ट्रपति रनिल विक्रमासिङ्घे । तस्वीरः एजेन्सी

कोलम्बो, ४ साउन/सिन्ह्वा

बुधवार श्रीलङ्काको संसद्मा भएको निर्वाचनमा कार्यवाहक राष्ट्रपति रनिल विक्रमासिङ्घे बुधवार नयाँ राष्ट्रपति निर्वाचित भएका छन् ।

संसद्का सभामुख महिन्दा यापा अबेवर्देनाले विक्रमासिङ्घे १३४ मतले विजयी भएको घोषणा गरेका छन् ।

गोटाबाया राजापाक्षेले राष्ट्रपति पदबाट राजीनामा दिएपछि संसद्मा निर्वाचन भएको हो । रासस

## बढ्दो सङ्क्रमणका बीच मास्क लगाउन प्रधानमन्त्रीको आग्रह

क्यानबेरा, ४ साउन/सिन्ह्वा

देशमा बढ्दो कोरोना सङ्क्रमणका बीच प्रधानमन्त्री एन्थोनी अल्बानिजले सबै देशवासीलाई मास्क लगाउन आग्रह गरेका छन् ।




आज ५० हजारभन्दा बढी नयाँ कोरोना सङ्क्रमित फेला परेका तथा ८० जनाको मृत्यु भएको सन्दर्भमा प्रधानमन्त्री अल्बानिजले देशवासीलाई मास्क लगाउन आग्रह गरेका हुन् ।

देशका स्वास्थ्य अधिकारीले राष्ट्रभरि मास्क लगाउने आदेश फिर्ता लिन सिफारिश नगरेको जनाउँदै उनले मास्क लगाउने बानीबेहोरालाई सरकारले प्रोत्साहन गरेको बताए । उनले बुस्टर खोप लगाउन, मास्क लगाउन तथा बिरामी भएमा घरमैं बस्न पनि आग्रह गरे । मङ्गलवार अपराह्नसम्मको विवरण अनुसार ८८,५०,३४३ मानिस कोरोनाबाट सङ्क्रमित भएका छन् भने १०,७९४ जनाको मृत्यु भइसकेको छ । त्यसैगरी, सक्रिय सङ्क्रमितको सङ्ख्या ३,४७,३५६ पुगेको छ । पाँच लाख नागरिकले कोभिड–१९ विरुद्ध चौथो खोप लगाइसकेका छन् ।

अस्ट्रेलियाली मेडिकल एशोसिएशन (एएमए)ले मास्क अनिवार्य गर्न जोड दिएको छ भने बिरामीको बढ्दो चापका कारण अस्पताल भरिभराउ छन् ।

### कोरियामा कोरोना सङ्क्रमण बढ्यो

सोल/

दक्षिण कोरियामा बितेको २४ घण्टामा ७६,४०२ जना कोभिड–१९ बाट सङ्क्रमित भएका छन् । योसँगै देशमा कोरोना सङ्क्रमितको सङ्ख्या एक करोड ८९ लाख ३७ हजार ९७१ पुगेको स्वास्थ्य अधिकारीहरूले बताएका छन् । कोरिया डिजिज कन्ट्रोल एन्ड प्रिभेन्सन एजेन्सीका अनुसार अघिल्लो दिन ७३,५८२ जना सङ्क्रमित फेला परेका थिए ।

गम्भीररूपले सङ्क्रमित हुनेको सङ्ख्या ९६ पुगेको छ । सङ्क्रमणबाट मङ्गलवार १२ जनाको मृत्यु भएको छ भने हालसम्म २४,७७७ जनाले यो महारोगबाट ज्यान गुमाएका छन् ।

### पाकिस्तानमा कोरोनाबाट सातजनाको मृत्यु

इस्लामाबाद/

पाकिस्तानमा पछिल्लो २४ घण्टामा ५९२ जना कोभिड–१९ का थप सङ्क्रमित भेटिएको स्वास्थ्य मन्त्रालयले जनाएको छ । आज भएको वृद्धिसँगै कुल सङ्क्रमितको सङ्ख्या १५ लाख ४७ हजार ७९५ पुगेको छ । पाकिस्तानमा कोभिड–१९ बाट ३० हजार ४५२ जनाको मृत्यु भएको छ । तीमध्ये मङ्गलवार थप सातजनाको मृत्यु भएको हो ।

हाल पाकिस्तानमा १७४ जना कोरोनाका सक्रिय बिरामी रहेका र उनीहरूको अवस्था गम्भीर रहेको स्वास्थ्य अधिकारीहरूले बताएका छन् । रासस

## द्विपक्षीय सम्बन्ध सुदृढ बनाउन रूस र इरान सहमत

तेहरान, ४ साउन/सिन्ह्वा

रूस र इरान द्विपक्षीय सम्बन्ध सुदृढ बनाउन तथा पारस्परिक सहयोग अभिवृद्धि गर्न सहमत भएका छन् । दुवै देशका राष्ट्रपतिबीच मङ्गलवार यहाँ भएको भेटवार्तामा त्यस्तो सहमति भएको हो ।

राष्ट्रपति भ्लादिमिर पुटिन र राष्ट्रपति इब्राहिम राइसीबीच भएको भेटवार्ता व्यापारिक साझेदारी, सुरक्षा, पूर्वाधार निर्माण, आर्थिक सहयोग र ऊर्जामा केन्द्रित रहेको इरानी राष्ट्रपति कार्यालयको वेबसाइटमा उल्लेख छ ।

दुवै राष्ट्रपतिबीच क्षेत्रीय सुरक्षा प्रवर्द्धनका साथै आपसी सहयोग र सम्बन्ध विस्तार, औद्योगिक विकास तथा संयुक्त लगानीबारे पनि विचारविमर्श भएको थियो । सिरियामा आतङ्कवादविरुद्ध सामूहिकरूपमा गरिएको सघङ्र्षबारे पनि कुराकानी भएको थियो । आगामी दिनमा पनि दुवै नेताले आपसी हितका साथै साझा चासोका विषयमा मिलेर अघि बढ्न सहमति जनाएका छन् । रासस

### रूसद्वारा युक्रेनी सैनिकका शव फिर्ता

किएभ/सिन्ह्वा

युद्धका क्रममा मारिएका ४५ जना युक्रेनी सैनिकको शव रूसले फिर्ता गरेको छ । आफ्ना सैनिकको शव फिर्ती रूससँगको आदानप्रदानको एउटा हिस्सा भएको युक्रेनी पुनःएकीकरण मन्त्रालयले जनाएको छ ।

रूस–युक्रेन द्वन्द्वमा मारिएका सैनिकको शव आदानप्रदानका लागि युक्रेनका बेपत्ता व्यक्तिका आयुक्त ओलेग काटेन्को र देशको कानून कार्यान्वयन निकायको संयुक्त प्रयासमा आफ्ना सैनिकको शव फिर्ता ल्याइएको उक्त मन्त्रालयले जनाएको छ ।

गत साता कोटेन्कोले रूससँग चार महीनाभन्दा लामो द्वन्द्वमा करीब सात हजार युक्रनी सैनिक बेपत्ता भएका बताएका थिए । रासस


## वीरगंज महानगरपालिकाको सूचना

यस वीरगंज महानगरपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा आवागमनमा बाधा पर्ने गरी निर्माण सामग्री थुपार्ने, फूटपाथमा पसल सञ्चालन गर्ने, छाडा गाईवस्तु तथा छाडा चौपाया छोड्ने, जथाभावी फोहर फाल्नेलगायत नियमविपरीत कार्यहरू नगर्न नगराउन हुन जानकारी गराइन्छ । साथै उक्त कार्य गरेको पाइएमा कानून बमोजिम जरिवानाका साथै सोको व्यवस्थापन गर्दा लागेको सम्पूर्ण खर्चसमेत सम्बन्धितबाट असुल उपर गरिने बेहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**वीरगंज महानगरपालिका, पर्सा**


## आजको राशिफल

| | |
|---|---|
| मेष – भाग्योदय | वृष – बेचैनी |
| मिथुन – धनलाभ | कर्कट – कर्मप्राप्ति |
| सिंह – राज्यभय | कन्या – रोगभय |
| तुला – यात्रालाभ | वृश्चिक – कडापरिश्रम |
| धनु – चोरभय | मकर – उदरपीडा |
| कुम्भ – विजय | मीन – धनक्षति |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


## रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे


## नेप्से परिसूचकमा झिनो अङ्कको वृद्धि


काठमाडौं, ४ साउन/रासस

धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक बुधवार पनि झिनो अङ्कले उकालो लागेको छ । नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से परिसूचक ४.८९ अङ्कले उकालो लागेर दुई हजार ५०.५९ मा पुगेको छ । यस्तै, ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक ०.९७ अङ्कले उकालो लागेर ३९२.५० मा पुगेको छ ।

कुल २१७ कम्पनीको ४१ लाख ३३ हजार ७०९ कित्ता शेयर रु एक अर्ब ७३ करोड १८ लाख ३२ हजार २७० मूल्यमा खरीद–बिक्री भयो । कारोबार भएका कुल १३ उपसमूहमध्ये पाँच उपसमूहको शेयर मूल्य ओरालो लागेको छ भने आठ उपसमूहको शेयर मूल्य भने उकालो लागेको छ ।

बैंकिङ ०.६२, व्यापार १२.१७, होटल तथा पर्यटन ९.७५, जलविद्युत् १२.६२ र जीवन बीमा २८.२२ अङ्कले ओरालो लागेका छन् ।

त्यस्तै, विकास बैंक ५.३५, वित्त ३१.३६, निर्जीवन बीमा ५६.१९, उत्पादन ६३.४२, अन्य १७.२३, लघुवित्त ७.९९, सामूहिक लगानी कोष ०.०२ र लगानी ०.४८ अङ्कले उकालो लागे । आजको




कारोबारपछि बजार पूँजीकरण रु २९ खर्ब २८ अर्ब ३४ करोड ३६ लाख ५१ हजार ८८३ बराबर भएको छ ।

नेप्सेका अनुसार कारोबारका आधारमा शिवम् सिमेन्ट शीर्ष स्थानमा छ । सो कम्पनीको रु १६ करोड ४२ लाख ५९ हजार ९१७ बराबरको कारोबार भयो ।

यस्तै, हिमालयन डिस्टिलरी रु सात करोड ३१ लाख ३६ हजार, आइसिएफसी फाइनान्स रु पाँच करोड ३१ लाख दुई हजार ८२७, गुर्खाज फाइनान्स रु पाँच करोड २२ लाख २९ हजार ७७१ र नेपाल पुनर्बीमा कम्पनी रु पाँच करोड दुई लाख २० हजार ९३९ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भए ।

नेप्सेका अनुसार मल्टिप्रपोज फाइनान्स ५.६९, कर्णाली डेभलपमेन्ट बैंक ४.३५, शिवम् सिमेन्ट ३.८७, नेपाल इन्स्योरेन्स कम्पनी ३.७८ र गुर्खाज फाइनान्सका लगानीकर्ताले ३.४७ प्रतिशतले कमाएका छन् ।

यस्तै, लक्ष्मी इक्विटी फन्ड ६.३३, इमर्जिङ नेपाल ४.३१, साङ्ग्रिला डेभलपमेन्ट बैंकको ऋणपत्र ३.९४, बैंक अफ काठमाडौंको ऋणपत्र ३.७७ र सिभिल बैंकको ऋणपत्रका लगानीकर्ताले ३.५२ प्रतिशतले गुमाएका छन् ।

## मधेसमा वर्षाले राहत

महोत्तरी, ४ साउन/रासस

उखरमाउलो गर्मीबीच पानी परेपछि महोत्तरीसहितका मधेसमा राहत मिलेको छ । करीब तीन सातापछि बुधवार दिउँसो झम्केर पानी परेपछि यहाँका किसानले राहतको सास फेरेका छन् ।

पानीबेगर रोपेको धान रोपोमैं पहेंलिंदै जाँदा र थप रोपाइँ गर्न नपाएर पिरोलिएका किसानमा आजको वर्षाले अब खेती गर्न पाइने आस जागेको छ । महोत्तरीमा १५ असारयता आज पानी परेको हो ।

"धान अब के होला भनेर आस मारेका थियौं, आजको वर्षाले फेरि आस जगायो," बर्दिबास–९ पशुपतिनगरका किसान रामविनोद महतोले भने, "अब केही दिन पानीले साथ दिए रोपाइँ सकिन्छ र रोपो पनि फिर्छ ।" आजकै वर्षाले रोपाइँका लागि पर्याप्त पानी नपुगेको भएपनि यसअघि रोपिएको धानलाई भने अमृत नै भएको महोत्तरीका किसानको भनाइ छ । केहीबेरकै भएपनि आजको वर्षा मधेसका सबैजसो जिल्लामा भएको छ ।

आजको वर्षाले चर्को घामको रापबाट राहत भएको छ । लगातारको प्रचण्ड रापले चरण क्षेत्रमा सुकेका घाँस अब पलाउने र गाईवस्तु चराउन पाइने पशुपालक किसानले आस सँगालेका छन् ।

यसैबीच मौसमविद्ले अब दुई/तीन दिन राम्रो वर्षा भइरहने बताएपछि किसान मख्ख छन् । महोत्तरीमा हालसम्म पानीको अभावले धान रोपाइँ गतिमा बढ्न सकेको छैन ।

कुल ७० हजार हेक्टर खेतीयोग्य जग्गामध्ये ५० हजार हेक्टरमा गरिने धानखेती अहिलेसम्म ४५ प्रतिशतमा मात्र रोपाइँ हुन सकेको कृषि ज्ञान केन्द्र, महोत्तरीले नै जनाएको छ । जिल्लामा कुल खेतीयोग्य जग्गामा १० प्रतिशत मात्र सिञ्चित हुँदा यहाँको खेती आकाशे पानीको भरमैं हुँदै आएको छ ।

## कुलोमा लुकाइएको काठ बरामद



तस्वीरः प्रतीक

प्रस, पर्सागढी, ४ साउन/

प्रहरी चौकी मनवाका प्रमुख अनुप झाले पर्सागढी नगरपालिका–१ मनवा गाउँनजीकै कुलोमा लुकाएर राखिएको तीन थान चिरान काठ र एउटा सालको गोलिया बरामद गरेको छ ।

बरामद काठ १८ क्युफिट रहेको र कारबाइको लागि इलाका वन कार्यालय, सखुवनियामा राखिएको झाले जानकारी गराएका छन् ।

### सिद्धनाथ महादेव मन्दिर.....

सुरक्षाका लागि बर्सेनि केही न केही गरिंदै आइएको बताउँछन् । तर नगरपालिकाको सीमित स्रोत साधनले दीर्घकालीन सुरक्षाका उपाय अवलम्बन भने गर्न नसकिएको उनको स्वीकारोक्ति छ । यसका लागि सङ्घीय र प्रादेशिक सरकारले समेत पहलकदमी लिइदिनुपर्ने साहको माग छ । "कुरा त सुनेकै हौं नि, काम भए पो भयो भन्ने बुझ्नु," सिद्धपुरका ७० वर्षीय सोगारथ साहले भने ।

### नयाँ प्रविधिको प्रयोगबाट....

मोटरसाइकल दुर्घटनाका हुने गरेको छ । त्यसैले सचेतना कार्यक्रममा मोटरसाइकल चालकलाई नै बढी सहभागी गराइने गरिएको प्रनाउ भण्डारीको भनाइ छ । गत आव २०७८–७९ मा प्रदेशभरि पाँच हजार ७११ सडक सवारी दुर्घटनाका घटना दर्ता भएको जनाइएको छ । त्यसमध्ये ५० प्रतिशतभन्दा माथि मोटरसाइकल दुर्घटना नै रहेका छन् । यद्यपि पछिल्ला दिनमा जाँचमा कडाइ र कारबाई पनि बढाइँदै लगिएपछि तीव्र गतिमा हाक्ने प्रवृत्तिमा केही सुधार हुँदै गएको कार्यालयले जनाएको छ ।

## एक ट्रक सामान नियन्त्रण

प्रस, वीरगंज, ४ साउन/

बिलबीजकभन्दा बढी हार्डवेयर तथा खुद्रा सामानहरू लोड रहेको एउटा ट्रक




मङ्गलवार राति १० बजे पर्सा प्रहरीले नियन्त्रणमा लिएको छ ।

वीरगंज–१५ भानुचोकस्थित सडकखण्डमा ना.६ख ६६६७ नम्बरको ट्रक चेकजाँच गर्ने क्रममा बिलबीजक शङ्कास्पद देखिएको तथा विभिन्न किसिमका हार्डवेयर सामानसमेत फेला परेपछि नियन्त्रणमा लिई कारबाईको लागि राजश्व अनुसन्धान कार्यालय, पथलैयामा बुझाइएको जिल्ला प्रहरी कार्यालय, पर्साले जनाएको छ ।

### नेपाली रड पहिलोपटक....

लागिएको छ ।

नेपालको व्यापार घाटा कम गर्ने उद्देश्यका साथ भारतीय बजारमा रड पठाउन लागेको उद्योगीले जानकारी दिएका छन् । उनले श्री स्टीलले भारत सरकारबाट गुणस्तर प्रमाणीकरण अनुमति पाएसँगै परीक्षणका लागि रड निर्यात शुरू गरिएको जानकारी दिए ।

सरकारले निर्यातमा नगद छुटको घोषणा गरेसँगै यस अघि तानसेन सिमेन्ट उद्योगले नेपाली सिमेन्ट भारत निकासी शुरू गरिसकेको छ । सोसँगै अर्घाखाँची, जगदम्बा, सर्वोत्तम र सौर्य सिमेन्टले नेपाली सिमेन्ट भारत निर्यातका लागि तयारी थालेका छन् । ती उद्योगहरूले, भारत सरकारबाट गुणस्तर प्रमाणीकरणको अनुमतिको पखाईमा रहेको, जनाएका छन् । भारत सरकारले गुणस्तर प्रमाणीकरणको अनुमति दिन १५ महीनाभन्दा बढी समय लगाएको भन्दै व्यवसायीले दुई देशका सरकारबीच समन्वय गरेर सहजरूपमा अनुमति दिनुपर्ने माग राखेका छन् ।

# साढे ४१ लाखसहित भारतीय नागरिक पक्राउ

प्रस, वीरगंज, ४ साउन/

जिल्ला प्रहरी कार्यालय, पर्साले हुन्डी कारोबार गरेको आरोपमा एकजनालाई ४१ लाख ५५ हजार नगदसहित बुधवार बिहान पक्राउ गरेको जनाएको छ ।

आज बिहान ८ बजे प्रदेश प्रहरी कार्यालय, जनकपुर र जिल्ला प्रहरी कार्यालय, पर्साबाट खटिएको टोलीले वीरगंज महानगर–१६ रजतजयन्ती चोकमा चेकजाँच गर्ने क्रममा भारतीय नम्बरको मोटरसाइकलमा सवार भारत, बिहार, जिल्ला पूर्वी चम्पारण, थाना रक्सौल–११ बस्ने २५ वर्षीय राकेश कुमारलाई पक्राउ गरेको हो ।


तस्वीर सौजन्यः जिप्रका, पर्सा

राकेशले सो रकम मोटरसाइकलको सिटमुनि तथा टङ्कीमा लुकाएर ल्याइरहेको स्रोत नखुलेको नेरु ४१ लाख ५५ हजार फेला परेको जिप्रका, पर्साले जनाएको छ। पक्राउ परेका राकेशलाई बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ विरुद्धको कसूरमा अनुसन्धान अगाडि बढाइएको प्रहरीले जनाएको छ ।

# गण्डकका ट्राफिकद्वारा अनधिकृत असुली

प्रस, वीरगंज, ४ साउन/

वीरगंजको गण्डक चोकका ट्राफिक प्रहरीबाट नेपाली चालकहरू हैरान छन् ।

चेकिङको नाममा ट्राफिक प्रहरीको दैनिकरूपमा अवैध असुलीले चालकहरूले दुःख पाएको गुनासो गरेका छन्। ट्राफिक हवल्दार रामेश्वरप्रसाद यादवको टोलीले मोटरसाइकल, अटो, ट्याक्टर, ट्रक, बसलगायतका गाडीहरूको चेकिङको नाममा हैरान पारिरहेको चालकहरूको गुनासो छ ।

ट्राफिक प्रहरीले ईरिक्शाहरूलाई रोड परमिट नलिएको भन्दै गालीगलौजसमेत दिने गरेको चालकहरूको गुनासो छ । एकजना चालकका अनुसार पैसा दिएपछि सबै ठीक छ, नदिंदा यो मिलेन, त्यो मिलेन भनेर हप्काउने गरेको, तथानाम गालीगलौज गर्ने गरेका छन् । साथै ट्राफिक प्रहरीले नेपाली गाडीहरूलाई ओभरलोडको बहानामा विनाकारबाई पैसाको लागि घण्टौं सडकमा लाइन लगाएर दुःख दिने गरेको चालकहरूको गुनासो छ।

त्यहीं ओभरलोड भारतीय गाडीहरूसँग रकम असुली ट्राफिक प्रहरीले तुरुन्तै छोड्ने गरेको नेपाली चालकहरूको गुनासो छ ।


गण्डकमा अनाधिकृत शुल्क असुल्दै ट्राफिक प्रहरी । तस्वीरः प्रतीक

# बुधवार र बिहीवार अधिकांश स्थानमा वर्षाको सम्भावना

काठमाडौं, ४ साउन/रासस

जल तथा मौसम विज्ञान विभागले बुधवार र बिहीवार देशको अधिकांश स्थानमा वर्षाको सम्भावना रहेको बताएको छ ।

मनसुनी न्यूनचापीय प्रणाली नेपालको भूभाग नजीक रहेकोले यी दुई दिन मनसुनी गतिविधि बढ्ने सम्भावना रहेको विभागका मौसमविद् मञ्जु बासीले बताइन् ।

उनका अनुसार उक्त प्रणालीको प्रभावले यी दुई दिन देशभर सामान्यदेखि पूर्ण बदली रही पहाडी भूभागका धेरै स्थानमा र अन्य भूभागका केही स्थानमा मेघगर्जन–चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावनाका साथै सुदूरपश्चिम, लुम्बिनी, गण्डकी, वाग्मती र मधेस प्रदेशका थोरै स्थानमा भारी वर्षाको सम्भावना रहेको छ ।

हाल देशभर सामान्य बदली रही देशका केही स्थानमा मेघगर्जन–चट्याङसहित हल्कादेखि मध्यम वर्षाका साथै लुम्बिनी प्रदेशको एक वा दुई स्थानमा भारी वर्षा भइरहेको छ ।

रातको समयमा देशभर सामान्यदेखि पूर्ण बदली भई देशका केही स्थानमा मेघगर्जन–चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना तथा वाग्मती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिमका प्रदेशका थोरै स्थानमा भारी वर्षाको सम्भावना रहेको बताइएको छ ।

मौसम पूर्वानुमान महाशाखाको पछिल्लो विवरणानुसार आज काठमाडौं उपत्यकाको न्यूनतम तापक्रम २१.२ डिग्री र अधिकतम तापक्रम ३०.१ डिग्री सेल्सियस रहेको छ ।






# खेलकूदको संसार

## राष्ट्रिय क्रिकेट टोलीका प्रशिक्षक दासानायकेको राजीनामा

काठमाडौं, ४ असार/रासस

नेपाली राष्ट्रिय क्रिकेट टोलीका मुख्य प्रशिक्षक पुबुदु दासानायकेले राजीनामा दिएका छन् । श्रीलङ्काली मूलका क्यानडाली प्रशिक्षक दासानायकेले आफ्नो व्यक्तिगत समस्या देखाउँदै बुधवार आयोजित पत्रकार सम्मेलनमा आफ्नो पदबाट राजीनामा घोषणा गरेका हुन् ।


तस्वीरः फाइल

उनले आफ्नो निर्णय अहिलेसम्मकै कठिन निर्णय रहेको भन्दै व्यक्तिगत कारणले राजीनामा दिनुपरेको बताए । नेपाल क्रिकेट सङ्घ (क्यान)ले प्रशिक्षक दासानायकेलाई गत वर्ष मङ्सिरमा खुला छनोटबाट दुई वर्षका लागि दोस्रोपटक नियुक्त गरेको थियो। उनले एक वर्ष पनि नपुग्दै पदबाट राजीनामा दिए ।

दासानायकेले सन् २०११ देखि २०१५ सम्म नेपाली राष्ट्रिय क्रिकेट टोलीको मुख्य प्रशिक्षकको जिम्मेवारी वहन गरेका थिए। उनको पहिलो कार्यकालमा नेपालले निकै ठूलो र ऐतिहासिक सफलता हासिल गरेको थियो । सन् २०१४ मा बङ्गलादेशमा आयोजित आइसिसी टी–ट्वान्टी विश्वकप प्रतियोगितामा नेपालले पहिलोपटक सहभागिताको मौका पाएको थियो ।

त्यस्तै, उनकै प्रशिक्षणमा नेपालले डिभिजन चारदेखि एकसम्मको यात्रा तय गरेको थियो। उनको पहिलो कार्यकाल निकै फलदायी भए तापनि दोस्रो कार्यकालले खासै सफलता हासिल गर्न सकेन । यसै साता स्कटल्यान्डमा सम्पन्न आइसिसी विश्वकप क्रिकेट लिग दुई अन्तर्गत घरेलु टोली स्कटल्यान्ड र नामिबियाबीचको त्रिकोणात्मक एकदिवसीय शृङ्खलामा सफलता हासिल नगरेपछि उनी आलोचित बन्न पुगेका थिए ।

त्यति बेला नेपालले खेलेका चारमध्ये तीन खेलमा हार र एक खेलमा जीत हात पारेको थियो। पछिल्लो समय राष्ट्रिय क्रिकेट टोलीको खराब नतीजाका कारण उनी दबाबमा परेका थिए ।

# सिसिटिभी राडार गनको परिणाम फलदायी

प्रस, वीरगंज, ४ साउन/

ट्राफिक प्रहरी कार्यालय मधेस प्रदेश, पथलैयाले नेपालमैं पहिलोपटक मधेस प्रदेशमा सिसिटिभी राडार गनको प्रयोग गरेर तीव्र गतिका सवारीसाधनलाई कारबाईको सुरुआत गरेको छ। जसको परिणाम फलदायी देखिएको जनाइएको छ ।

सिसिटिभी राडार गनको प्रयोगबाट दुर्घटनाको प्रमुख कारणको रूपमा रहेको तीव्र गतिविरुद्धको कारबाईमा अधिकांश कार, जीप परेको र मधेस प्रदेशको लोकमार्ग तथा लिङ्करोडमा सवारी दुर्घटनामा कमी आएको पाइएको सो कार्यालयले जनाएको छ ।

अहिले मधेस प्रदेशका पाँच ठाउँ सप्तरीको भारदह, सिराहाको लहान, महोत्तरीको गौरीडाँडा, बाराको निजगढ र पथलैया गरी पाँच ठाउँमा सिसिटिभी राडार गन २०७८ फागुनदेखि जडान भएर तीव्र गतिका सवारीसाधनलाई कारबाई शुरू गरिएको र गत आवको चार महीनामा उत्साहजनक प्रगति देखिएको सो कार्यालयले जनाएको छ ।

सिसिटिभी राडार गनको प्रयोगबाट कारबाईमा २२५ प्रतिशत वृद्धि भएर सो बराबरको राजस्व वृद्धि भएको पथलैया ट्राफिकले जनाएको छ। सोही अवधिमा हेन्डलहेल्ड राडार गनभन्दा सिसिटिभी राडार गनको प्रयोगबाट निजी कार, जीप, यात्रुवाहक सवारीसाधनलाई तीव्र गतिविरुद्धको कारबाईमा ८०४ प्रतिशत वृद्धि भएको जनाएको छ ।


तस्वीरः सौजन्य

ट्राफिक प्रहरी कार्यालय मधेस प्रदेश, पथलैयाले गत आवमा पाँच हजार ७०० दुर्घटनामध्ये ९० प्रतिशत दुर्घटना मोटरसाइकलबाट भएको र सो अवधिमा दुई हजार ८४९ वटा सचेतना कार्यक्रम सञ्चालन गरी तीन लाख ३९ हजार ९२८ जनालाई सचेत पारिएको जानकारी गराएको छ ।

आव २०७८/७९ मा दुई लाख ६४ हजार ३१० वटा सवारीसाधनलाई कारबाई गर्दा २२ करोड ४४ लाख ४० हजार ५०० राजस्व सङ्कलन भएको र आव २०७७/७८ को तुलनामा १७.२ प्रतिशत राजस्व वृद्धि भएको ट्राफिक प्रहरी कार्यालयले जानकारी गराएको छ।

# चार थान सालको गोलिया बरामद

बलिराम शुक्ला, बिरुवागुठी, ४ साउन/

पर्सागढी नगरपालिका–३ बडनिहारबाट बुधवार बिहान वनगस्ती टोलीले चार थान सालको गोलिया बरामद गरेको छ । बडनिहारनजीक राष्ट्रिय वनबाट चोरी तस्करी गरी साइकलमा हरपुरतर्फ लैजाने क्रममा सबडिभिजन वन कार्यालय, बडनिहारको वनगस्ती टोलीले चार थान साइकलसहित सालको काँचो गोलिया बरामद गरेको हो। बरामद काठ डिभिजन वन कार्यालय, बडनिहारमा राखिएको छ भने तस्करहरूको खोजी भइरहेको जमदार प्रदीप तिमल्सिनाले जानकारी दिए ।


तस्वीरः प्रतीक

अहिले प्रहरी चौकी बडनिहारको आसपासका सडकबाट व्यापकरूपमा काठ चोरी–तस्करी हुँदा पनि प्रहरी मूकदर्शक बनेको स्थानीयले आरोप लगाएका छन्।


## बाढी/पहिरोबाट सतर्क रहौं ।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
- घरभित्र वा वरिपरिको जमीन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
- भूकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
- भौगोलिक अवस्था विचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं ।

**भूक्षयबाट बचौं र बचाऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड